B019

प्रस्तावित

बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन २०५० को आधारभूत दृष्टिकोण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
काठमाडौं

Resource Centre

प्रस्तावित

बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन २०५० को आधारभूत दृष्टिकोण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पत्र मञ्जुषा: २७२६, काठमाण्डौ, नेपाल
फोन: २७०७७०

प्रस्तावित

बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन
२०५० को आधारभूत दृष्टिकोण

सर्वाधिकार:
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा सुरक्षित

प्रकाशक:
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

Resource Centre

मूल्य: ५/-

मुद्रक:
अल्फा अफसेट प्रेस
कुपण्डोल, ललितपुर

- केही शब्द
- प्रस्तावित बाँधा श्रम प्रणालि (उन्मूलन) ऐनको आधारभूत दृष्टिकोण
- प्रस्तावित बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन - २०५०
- परिशिष्टहरु

केही शब्द

नेपालको सुदूर पश्चिमको तराई जिल्लामा विद्यमान कमैया व्यवस्था भित्र "बाँधा श्रम प्रणालि" विद्यमान रहेको तथ्य पुष्टि भैसकेको छ । २० औं शताव्दीको उत्तरार्धमा प्रजातान्त्रिक नेपालमा अझै "बाँधा" व्यवस्था रहिरहनु दुखद र दुर्भाग्यपूर्ण नै हो । तर यो व्यवस्था विद्यमान रहेकोमा दु:ख मनाउ गर्नु भन्दा पनि यसको उन्मूलन तर्फ हामी सवैको प्रयास नितान्त आवश्यक भैसकेको छ । एकातिर हामी मानवअधिकार र प्रजातन्त्रको लागि संघर्षरत भएको दावी गर्छौं, अर्कोतिर समाजको सवैभन्दा तलको स्तरमा रहन वाध्य बनाइएको एउटा ठूलो समुदायलाई "दासत्व" भित्र जकडिएको हेरी राखेर मौन बस्छौं भने यो जस्तो विडम्वना र लज्जास्पद के होला ।

यही पृष्ठभूमिका वीच अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०४८ सालमा सुदूर-पश्चिमाञ्चलका तीन जिल्लाहरु वर्दिया, कैलाली र कञ्चनपुरमा कमैयाहरुको स्थिति वारेमा अध्ययन गरेको थियो । उक्त शिलशिलामा १७ हजार भन्दा वढी कमैयाहरुसित अन्तरवार्ता लिइएको थियो । अध्ययनले कमैया प्रथा भित्र "बाँधा" श्रम प्रणालि विद्यमान रहेको तथ्य प्रमाण सहित उजागर गरेको मात्र हैन तिनीहरुको विमुक्तिका लागि गर्नु पर्ने कामहरुको समेत सिफारिस गरेको छ । त्यसैमा आधारित रहेर इन्सेकले कमैयाहरुको विमुक्ति तथा उनीहरुको स्थितिमा सुधार ल्याउने दीर्घकालिन तथा अल्पकालिन कार्यक्रमहरु अगाडि सारेको छ । बाँधाहरुको विमुक्तिको लागि एउटा छुट्टै ऐन व्यवस्था हुनु पर्ने पहिलो आवश्यकतालाई दृष्टिगत गर्दै समाजका विभिन्न क्षेत्र, कानूनविद, सामाजसेवी, कमैयाहरु तथा कमैया मालिकहरु समेतका सुझावहरु संकलन गरी एउटा ऐन प्रस्तावित गरिएको छ । यसले निश्चय पनि सरकारलाई एउटा प्रभावकारी कानूनी व्यवस्था गर्ने काममा सहयोग गर्ने छ भन्ने हाम्रो विश्वास छ ।

हामी सवै सचेत वर्गले "बाँधा" श्रम प्रणालि उन्मूलन ऐनको व्यवस्था गर्ने काममा उचित संलग्नता राख्नुहुनेछ भन्ने आशा गर्दछौं ।

मिति: ०५० पौष

सुशील प्याकुरेल
संयोजक, इन्सेक

प्रस्तावित

बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन २०५० को आधारभूत दृष्टिकोण

दासत्व प्रथाको उन्मूलनका लागि नेपालमा भएका प्रयासहरुलाई विवेचना गर्दा निकै लामो इतिहासको परिशिलन गर्नु पर्ने हुन्छ । राम शाह, पृथ्वी नारायण शाहका शासन कालदेखि नै यसतर्फ सोचाई भएको पाइन्छ । चन्द्र शमसेरको शासन कालमा कमारा कमारी राख्ने प्रथा उन्मूलन भई उनीहरुलाई पुनर्वासका कामहरु पनि गरिएको थियो । तर पनि नेपालमा विभिन्न रुपमा दास प्रथाको लगभग समानरुपमा परोक्ष वा प्रत्यक्षरुपमा मानिसलाई यन्त्रणायुक्त बन्धनमा राखिने चलन व्यवहार चल्दै रह्यो । देशका विभिन्न भागमा बाबु बाजेले खाएको ऋण वापत बाँधा बसेर ऋण चुकाउन पर्ने, निजी र पारिवारिक स्वतन्त्रता गुमाउनु पर्ने, कुनै उद्यम, पेशा गर्नबाट बन्चित हुनुपर्ने, अत्यन्त कष्टकर तथा विश्रामहिन श्रम गर्नु पर्ने, श्रमको मूल्य नपाउने आदि कारणले गर्दा बाँधाको रुपमा जीवन विताउनु पर्ने वन्धनयुक्त प्रचलन अद्यापि चलिरहेको पाइएको छ ।

यस वस्तु तथ्यलाई ००७ साल यताका प्राय सवै संविधानले आत्मसात गरी दासत्व प्रथा वा दास हुनुपर्ने कुनै व्यवहार गर्न नपाइने व्यवस्था गरेका छन । मुलुकी ऐनले बाँधा राख्न नपाइने व्यवस्था गरेको छ । मानव सभ्यताको यस कलंकका विरुद्धमा देशको मूल कानून संवधानले स्पष्टरुपमा सैद्धान्तिक प्रतिवद्धता व्यक्त गरेता पनि व्यवहारमा यसको उपभोग पीडित व्यक्तिहरुले गर्न सकेका छैनन् । कस्तो व्यक्ति दास हो ? बाँधा को हो ? कस्तो अवस्थाको व्यवहार गरेमा व्यक्तिलाई बाँधा पारेको मानिने हो ? बाँधा बनाइएमा कसरी उपचार प्राप्त गरिने हो ? यी प्रश्नहरु कुनै कानूनी बाटोको अभाव र बाँधाहरुको वास्तविक जीवन र चेतनाको स्तर अत्यन्त निम्न भई विशेष उपचार लिन नसक्ने भएका कारणले हाम्रो समाजमा बाँधा वा बाँधा सरहका कामदार मजदूरहरुको संख्या बढ्दै गैरहेको छ । समाजको कमजोर वर्ग कहिल्यै उठ्न नसक्ने सामाजिक, आर्थिक दलदलमा फस्दै गैरहेको देखिन आएको छ । यी कुराहरुले मानवअधिकारका अत्यन्त न्यून आवश्यकतालाई पनि उल्लंघन गरेको पाइएको छ ।

तसर्थ प्रत्येक नेपालीलाई जीवनका लागि चाहिने मूलभूत अधिकार प्रदान गरी सामाजिक तथा आर्थिक रुपमा सक्षम पार्दै वतन्त्र र कुशल नागरिक वनाउन सामान्य जीवन विताउन नसक्ने बाँधा वा बाँधा सरहको अवस्थावाट मुक्त गराउने उद्देश्यले यो ऐन प्रस्तावित गरिएको छ ।

प्रस्तावित ऐनको दृष्टि

बाँधा कामदार वा बाँधाको विषयमा कुरा गर्दा हिजोआज पश्चिम नेपालमा रहेको कमैया प्रथा र डडेलधुरामा रहेको हलिया प्रथालाई विशेष चर्चाको विषय बनाउने गरिन्छ । तर प्रस्तावित ऐनको मस्यौदा गर्दा ऐनलाई त्यही क्षेत्र र प्रचलनमा मात्र सिमित नगरी व्यापक वनाउने प्रयास गरिएको छ । यसका निम्न कारणहरु छन् ।

(१) कमैया र हलिया प्रथा व्यापकरुपमा देखिने अनुसन्धान गर्न बुझ्न सकिने रहेको छ । यो र यस्तै प्रथा देशका अन्य भागमा पनि कुनै न कुनै रुपमा रहेको र कतिपय व्यक्तिहर पिडित रहेको पाइएको छ ।

(२) उद्योगहरुमा बाँधा कामदारको अस्तित्व पाइएको र यसलाई नजर अन्दाज गरेमा यो समस्या गंभीर हुन सक्ने देखिन्छ ।

(३) देउकी प्रथा बाँधा नभए पनि यस प्रथाले नारीको स्वभाविक रुपमा वैवाहिक जीवन विताउन वन्धन हाल्ने भएकोले स्वभाविक रुपमा जीवन विताउन पाउने स्वतन्त्रतालाई सामाजिक कुरीतिले वाधा दिने ।

(४) यस्तै अरु विभिन्न क्षेत्रमा सामाजिक रुपमा प्रचलित व्यवहारले वन्धन सिर्जना गर्ने अवस्था हुन सक्ने र यसलाई सक्षम अदालतवाट बाँधा जीवन व्यतित गरेको भन्न सकिने कानूनी व्यापक परिधियुक्त कानूनी प्रावधान हुन पर्ने ।

(५) विशिष्ट क्षेत्रमा मात्र कानूनी व्यवस्था लागु गर्दा अन्य क्षेत्रमा यस्तै प्रचलनलाई कानूनी निदान नभई कानून अपूर्ण हुने र एकै प्रकारको अवस्थामा पनि दुईवटा कानूनको सिर्जना हुने ।

ऐनले अङ्गीकार गरेका सिद्धान्तहरु

ऐनलाई सम्पूर्ण देशभरीको क्षेत्रलाई समेट्ने वनाउदा यसले कुन सिद्धान्त र विचारमा आधारित छ भन्ने कुरा देखाउनु पर्ने हुन्छ । तसर्थ बाँधा को हो ? कस्तो अवस्थामा कुनै व्यक्ति बाँधा हुन्छ ? भन्ने विचारलाई ऐनमा निम्न सिद्धान्तका आधारमा प्रस्तुत गरिएको छ ।

१. सम्झौता गर्ने क्षमताको अभाव भएको व्यक्ति सित सम्झौता भएको भनी काममा लगाइएमा,

२. बाबु बाजेले गरेको भनिएको सम्झौतावाट उत्पन्न दायित्व पूरा गर्न वाध्य पारिएमा, लिएको वा खाएको कर्जाको कारण बाँधा वस्न वाध्य पारिएमा,

३. अरुले गरेको सम्झौता मान्न वाध्य पारिएमा,

४. अति कम पारिश्रमिक दिई अत्याधिक लामो समय काम गराउने र आफूले गरेको कामको पारिश्रमिक कति हो थाहा नदिई काम गराएमा,

५. काम राज्ने, छाड्ने, पेशा वदल्ने स्वतन्त्रता नदिई काम लगाइएमा,

६. शारीरिक बल प्रयोग गरी वा मानसिक दवाव दिई जवर्जस्ती काम लगाइएमा,

७. श्रमको मूल्य थाहा नदिई कुनै तेश्रो व्यक्तिलाई भुक्तानी दिने गरी काम गराएमा,

८. कामका शर्तहरु तेश्रो व्यक्तिसंग तय गरी काम लगाएमा,

९. शारीरिक तथा मानसिक स्वास्थ्यलाई हानी पुग्ने अवस्थामा काम लगाएमा,

१०. खाएको वा वावु वाजेले लिएको भनिएको कर्जा वापत काम लगाएमा,

ऐनका विशेषताहरु

१. बाँधालाई बाँधा ऋणबाट मुक्त गर्ने र स्वतन्त्र गर्ने ।

२. खेतिहर बाँधा भए उसले कमाएको जग्गामा मोहीयानी हक प्रदान गर्ने ।

३. औद्योगिक कामदार भएमा उसले पाउने परिश्रमिक वापत रकमको शेयर दिन पर्ने वा रकम भुक्तान गर्न पर्ने ।

४. खेतिहर बाँधालाई वसेको घरवाट नउठाई उसैलाई दिने ।

५. बाँधाको सम्पत्ति लिए खाएको भए फिर्ता गर्नु पर्ने ।

ऐन कार्यन्वयनको अधिकारी

१. श्री ५ को सरकारले एक छुट्टै अधिकारी नियुक्त गरी ऐन लागु गराउने व्यवस्था गर्ने ।

२. सतर्क समितिहरु गठन गर्ने र उनीहरुको सहयोग लिने ।

सामाजिक आर्थिक कार्यक्रम

१. मोही हक नपाउने र काम नपाउने कामदारलाई सरकारले पुनर्स्थापना गराउनु पर्ने ।

२. वित्तिय संस्था तथा वैंकहरुले सहुलियतपूर्ण लगानी गर्नु पर्ने ।

३. गैर सरकारी संस्थाहरुले सहयोग प्रदान गर्न सक्ने र श्री ५ को सरकारले यस्ता संस्थालाई सहयोग र संरक्षण प्रदान गर्नु पर्ने ।

प्रस्तावित

बाँधा श्रम प्रणालि (उन्मूलन) ऐन २०५०

प्रस्तावना:- बाँधाको रुपमा मानव मात्रको शोषण गर्ने कार्य मानव सभ्यता, मानवता एवं मानव मात्र कै कलकंको रुपमा रहेको छ । त्यसर्थ यसलाई समाप्त पारि कसैले जवरजस्ती वा अन्य कुनै प्रकारको त्रास श्रृजना गरी वा कसैको असहायपन वा कमजोरीको फाइदा उठाएर बाँधा बनाउने, राख्ने वा बाँधाको रुपमा राखि त्यसबाट फाइदा लिने कु-प्रथाको उन्मूलन गर्न आवश्यक भएकोले,

नैपालमा प्रचलित अति विकसित न्याय, एवं कानून प्रणालिको स्थापना भएको र नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० ले मानिसलाई वेचविखन गर्न, दास बनाउन बाँधा वनाउन, पाइने छैन भनि विशिष्ट ढंगले निषेध गर्ने सो धारामा गरिएको मूलभूत अधिकारलाई प्रचलन गर्न आवश्यक भएकोले,

नेपालले बाँधा मजदूरको उन्मूलनका निमित्त दासत्व, दास व्यपार वा दासत्व सरहका संस्था तथा प्रचलनको उन्मूलन सम्वन्धी अभिसन्धि १९५६ लाई अनुमोदन गरी आफ्नो प्रतिवद्धता व्यक्त गरेकोले,

नेपालका प्रत्येक नागरिकलाई बाँधा बनाउने, दासत्वमा राख्ने, जवरजस्ती काम लगाउने जस्ता व्यवहार वा प्रचलनबाट मुक्ति दिलाई मुलभूत अधिकार एवं स्वतन्त्रताको उपभोग गर्न सक्ने सक्षम र स्वतन्त्र नागरिक बनाउन आवश्यक भएकोले, र

कमजोर वर्ग प्रति हुने शोषणबाट मुक्त राख्न वाँधा राख्ने प्रणाली, प्रचलन तथा व्यवहारलाई उन्मूलन गर्न प्रभावि कानूनको निर्माण बान्छनिय भएकोले,

श्री ५ महाराजाधीराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको २२औं वर्षमा संसदले यो ऐन वनाएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

१.२ यस ऐनको नाम "बाँधा श्रम प्रणालि उन्मूलन ऐन २०५०" रहेकोछ ।

१.२ यो ऐन कमैया प्रथा प्रचलनमा रहेका दाङ्ग, बाँके, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुमा लागु हुने छ र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अन्य जिल्लामा समेत लागु गर्न सक्ने छ ।

१.३ यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

२.१ "बाँधा" भन्नाले बाँधा श्रम प्रणालि अन्तर्गतका सवै वा कुनै शर्त वन्देज भित्र रही श्रम वा सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शव्दले, दफा ६ वमोजिम श्रम गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

२.२ "बाँधा श्रम" भन्नाले कुनै बाँधाले कसैका निमित्त गर्ने श्रम वा सेवालाई संझनु पर्नेछ ।

२.३ "सम्झौता" भन्नाले कसैसंग स्वयं वा नीजको आश्रित परिवार वा निजकहाँ बसेको आश्रित व्यक्तिले लिखित वा मौखिक वा आंशिक लिखित शर्त गरी बाँधा हुन मन्जुर भएको सम्झौतालाई सम्झनु पर्दछ । सो शव्दले परम्परागत रुपमा सामाजिक प्रचलन अनुसार वाँधा हुनुपर्ने प्रचलनलाई समेत जनाउँछ ।

२.४ "बाँधा श्रम प्रणाली" भन्नाले त्यस्तो काम लगाउने प्रणाली हो जस अन्तर्गत बाँधाले कसैसंग निम्न कारणले सम्झौता गर्दछ वा सम्झौता गरेको मानिन्छ ।

(क) आफैले वा आफ्नो परिवारको सदस्यले वा आफ्ना वावु वाजेले लिएको लिखित वा मौखिक ऋण वा त्यस्तो ऋणको व्याज भए सो समेत भुक्तानी गर्न वा,

(ख) कुनै सामाजिक वा परम्परागत दायित्वको अधिन हुनाको कारण वा,

(ग) वावु वाजेको पालादेखिको कुनै आर्थिक दायित्व सर्दै निजमाथि आएको कारण वा,

(घ) कुनै खास जात वा समुदाय वा परिवारमा जन्म भएको वा अन्य कुनै कारण बाँधाले निम्न काम गर्नु पर्दछ वा गर्दछ वा निजबाट गराइन्छ-

(१) नीज स्वयंले वा निजको परिवारको कुनै सदस्य वा उसमाथि आश्रित कुनै व्यक्तिले कसैकहाँ वा कुनै तेस्रो व्यक्तिको फाइदाको निमित्त निश्चित वा अनिश्चित समयसम्म विना ज्याला वा नाम मात्रको ज्यालामा कामको समय र कुनै अवधि नराखी वा कामको कुनै निश्चितता वा निश्चित शर्त वेगरै काम वा सेवा गर्दछ वा वाध्य पारेर गराइन्छ वा,

(२) त्यस्तो बाँधाको रोजगार छान्ने वा खोज्ने स्वतन्त्रता समाप्त गरिन्छ वा उसका अन्य जिविकाका साधन समाप्त गरिन्छ र उसको स्वतन्त्रतापूर्वक काम गर्ने इच्छा विरुद्ध काम गर्न वा सेवा गर्न रोक लगाइन्छ वा,

(३) नेपाल अधिराज्य भित्र स्वतन्त्रतापूर्वक आवत जावत वा घुमफिर गर्ने स्वतन्त्रताको अधिकार समाप्त गरिन्छ, वा

(४) उसको वा उसका परिवारका सदस्य वा आश्रितको चल अचल सम्पत्ति वा वस्तु वा उत्पादन वा श्रम वा सेवा बजार मूल्यमा वेच विखन गर्ने अधिकार समाप्त पारिन्छ ।

उल्लेखित कुराका अतिरिक्त कसैले बाँधाले लिए खाएको कर्जाको निमित्त निजले नतिरेको खण्डमा म बुझाउला भनि जमानत दिने व्यक्तिले बाँधाले त्यस्तो कर्जा नवुझाएको खण्डमा उसको सट्टामा वाँधा हुनुपर्ने प्रणाली समेतलाई जनाउँदछ ।

२.५ "बाँधा ऋण" भन्नाले वाँधाले लिएको ऋण वा बाँधा वबने शर्तमा लिखित गरी वा नगरी लिएको ऋणलाई जनाउने छ । सो शव्दले निम्न व्यक्तिले लिएको ऋणलाई समेत जनाउने छ ।
कमैया, कमलरिया, बुकरही, भैंसवार, गैवार, छेक्रवा, ग्वाला ग्वाल्नी, हली, हलिया, बडेस्वा ।

२.६ "परिवार" भन्नाले बाँधाको एकाघर सगोलका बाबु, आमा, पति, पत्नी, छोरा-छोरी तथा निज उपर आश्रित अन्य नातेदार व्यक्तिलाई समेत जनाउँदछ ।

२.७ "नातेदार" भन्नाले बाँधाको नातेदारभै त्यस्तो नातेदारको हेरचाह गर्ने कोही नभएको व्यक्तिलाई समेत जनाउँछ ।

२.८ "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेको नियममा उल्लेख भए वमोजिम सम्झनु पर्दछ ।

३. यो ऐन वमोजिम हुनेः-

३.१ यस ऐनमा लेखिएका कुराका सम्वन्धमा अरु ऐनमा कुनै प्रावधान गरिएको रहेछ भने सो कुराहरुमा यही ऐन लागु हुनेछ ।

परिच्छेद- २

बाँधा श्रम प्रणालिको उन्मूलन

४. बाँधा प्रणालीको उन्मुलनः-

४.१ यो ऐन प्रारम्भ भएको मितिदेखि बाँधा राख्ने र बाँधा श्रम लिने वा गराउने जुनसुकै प्रथा, प्रचलन एवं प्रणाली उन्मूलन भएको छ ।

४.२ यो ऐन प्रारम्भ भएको मितिदेखि बाँधा श्रम गर्ने व्यक्ति स्वतन्त्र हुनेछ र नीज बाँधा श्रम गर्न वाध्य हुनु पर्ने वा पार्ने हरेक दायित्वबाट मुक्त भएको मानिने छ ।

५. बाँधा श्रम लिन दिन निषेधः-

५.१ कसैले कसैलाई बाँधा श्रम वा त्यस्तै खालको अन्य जवरजस्ती श्रम गराउन सक्ने छैन ।

५.२ बाँधा श्रम लिने उद्देश्यले वा भविष्यमा बाँधा श्रम गर्न वाध्य हुनु पर्ने गरी कसैलाई कुनै व्यवहार गर्न कागज गराउन, ऋण दिन, ऋण तिरिदिन वा कुनै किसिमको सम्झौता गर्न हुदैन ।

५.३ कसैले पनि स्वयं वा आफ्नो आश्रित व्यक्तिलाई बाँधा श्रम गर्नका निमित्त कसैलाई दिन वा कुनै व्यहोराले बाँधा श्रम गराई त्यसबाट फाइदा लिन हुदैन ।

६. बाँधा श्रम मानिने अवस्थाहरुः-

६.१ कसैले निम्न वमोजिम काममा लगाएमा बाँधा श्रम गराएको मानिने छ-

(क) कसैलाई प्रलोभन दिई वा झुक्याई वा अरुकहाँ काम गराई वा गर्न वाध्य पारि त्यसको पारिश्रमिकको हिस्सा खाएमा वा अर्को कसैलाई भुक्तान गरेमा,

(ख) बाँधा श्रम प्रणाली अनुरुपका सवै वा कुनै तरिकाले काममा लगाएमा,

(ग) कानून वमोजिम कामको समय भन्दा धेरै समय विना भत्ता अतिरिक्त समय काममा लगाएमा,

(घ) प्रचलित कानून श्रम ऐन ०४८ वमोजिम न्यूनतम पारिश्रमिक भन्दा घटी हुने गरी ज्याला तथा भत्ता सुविधा निर्धारण गरी वा कुनै ज्याला भत्ता नदिई काममा लगाएमा,

(ङ) काम गर्ने कामदारको जानकारी बेगर कुनै दलाल वा ठेकदारसंग कामको शर्त निर्धारण गरी काममा लगाएमा,

(च) कुनै किसिमको डर, त्रास, धम्की वा प्रलोभन दिई इच्छा विरुद्ध काम गराएमा,

(छ) तेस्रो व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्ने गरी कसैलाई काममा लगाएमा,

(ज) कामदारलाई आवश्यक पर्ने न्यूनतम सुविधा पुरा नगरिएको कार्यस्थलमा काम लगाएमा,

६.२ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि निम्न किसिमबाट काममा लगाएकोलाई बाँधा श्रम गराएको मानिने छैन-

(क) कानून वमोजिम श्रमिक आपूर्ति व्यवसाय गर्ने व्यक्ति वा संस्थाद्वारा आपूर्ति गरिएका व्यक्तिलाई काम गराइएकोमा,

ख) काममा लगाउनेले काम गर्नेको हितमा कामदारको वास्तविक संरक्षकलाई भुक्तानि गरि लगाएकोमा ।

७. बाँधा श्रम गराउने करार, ऋण इत्यादिः-

७.१ कसैलाई बाँधा श्रम गर्न वाध्य गराउने क्रियाकलाप, व्यवहार, प्रचलन, करार इत्यादि अवैध ठहर्ने छ ।

७.२ कसैलाई बाँधा श्रम गर्न वाध्य पार्ने ऋण, कर्जा, सौकी , खौरी वा यस्तै प्रकारको जुनसुकै पनि किसिमको ऋण मोचन भएको मानिने छ ।

७.३ बाँधा श्रम गराउनका लागि भएका कुनै पनि कागजबाट कुनै पनि अड्डा अदालतमा नालिस उजुर लाग्न सक्ने छैन ।

परिच्छेद - ३

कर्जा तिर्ने दायित्वको समाप्ती

८. **कर्जा तिर्ने दायित्वबाट उन्मूक्तिः-**

८.१ बाँधाले खाएको बाँधा ऋण यो ऐन प्ररम्भ भएको मितिका दिन चुक्ता गरी तिरी सकिएको मानिने छ । कुनै पनि स्वतन्त्र भएको बाँधाले त्यस्तो ऋण वुझाउन पर्ने छैन ।

८.२ यो ऐन प्रारम्भ भए पछि बाँधा श्रम गराउन वाध्य पार्ने ऋण असूल गरी माग्न कुनै किसिमको देवानी मुद्दा दायर गर्न सकिने छैन नत कुनै किसिमले त्यस्तो ऋण असूलीका निमित्त बाँधालाई पक्रन, नीजको कुनै सम्पत्ति समात्न वा कब्जा गर्न सकिने छ ।

८.३ यो ऐन प्रारम्भ भएका मितिसम्म वाँधाले ऋण तिर्नु पर्ने गरी भएका फैसला वा डिक्री स्वत असूली भैसकेको मानि सो फैसला वा डिक्री अनुरुप असूली प्रक्रिया चलाइने छैन । अघि भएका फैसला वा डिक्री अनुरुप चलिरहेको असूली प्रक्रिया बन्द गरिने छ ।

९ **सम्पत्ति फिर्ताः**

९.१ कसैले बाँधा वा नीजको परिवार वा नातेदार वा आश्रितको कुनै चल अचल सम्पत्ति वाँधाको सनयबाट भोग गरेको रहेछ भने यो ऐन प्रारम्भ भएको मितिले तीस दिन भित्र फिर्ता गरी दिनु पर्दछ ।

९.२ उपदफा १ बमोजिम फिर्ता बुझाउनु पर्ने सम्पत्ति फिर्ता नबुझाएमा सो म्याद भुक्तान भए पछि सो सम्पत्तिको मूल्यको हिसाव गरी प्रचलित कानून वमोजिमको व्याज र सम्पत्तिको कुनै आयस्ता हुने रहेछ भने त्यस्तो आयस्ता समेत फिर्ता पाउने छ ।

९.२ माथि उपदफा (१) वामोजिमको सम्पति र उपदफा(२) वमोजिमको व्याज तथा आयस्ता सरकारी वाँकी सरह असूल गरी वाँधालाई दिलाई दिनु पर्दछ ।

१०. बाँधाको हक छोडाई लिएको सम्पति:-

१०.१ बाँधा वा नीजको परिवार वा नातेदार वा आश्रित व्यक्तिबाट हक छोडाई लिएको कुनै चल अचल सम्पति फिर्ता गर्नु पर्दछ ।

१०.२ उपदफा (१) वमोजिम यथावत फिर्ता गर्न नसकेको खण्डमा सो सम्पतिको प्रचलनमा रहेको बजार भाउले हुने मोल फिर्ता गर्नु पर्नेछ ।

११. स्वतन्त्र भएको बाँधालाई वसिरहेको घरबाट निकाल्न नपाइने:-

११.१ स्वतन्त्र भएको बाँधा यो ऐन प्रारम्भ हुँदाका वखत बाँधाको हैसियतले कुनै घर छाप्रो वा बुक्रामा बासोबास गर्दै आएको भए नीज र नीजको परिवारलाई सो घर छाप्रो वा बुक्राबाट हटाउन सकिने छैन ।

११.२ कसैले उपदफा (१) वमोजिम बाँधा वा नीजका आश्रित परिवारलाई त्यस्तो बसोबास गरेको घर, छाप्रो वा घरबाट निकालेमा जतिसक्दो छिटो नीजलाई सो घर छाप्रो वा बुक्रामा पुन: बसोवास कायम गरिने छ ।

१२. असूल गरेको ऋण फिर्ता गर्नुपर्ने:-

१२.२ कसैले यस परिच्छेदको खिलाफ गरी बाँधाबाट कुनै ऋण, कर्जा असूल गरेमा त्यस्तो रकम र सोमा लाग्ने कानून वमोजिमको व्याज समेत फिर्ता गर्नु पर्दछ ।

१२.२ उपदफा १ वमोजिम रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असूल गरी दिलाई दिनु पर्दछ ।

परिच्छेद - ४

बाँधालाई प्राप्त हुने हक अधिकार

१३. मोहियानी हकको प्राप्तीः-

१३.१ बाँधाले नीजको परिवार वा नातेदार समेतको सहयोगमा खेती उठाएको जग्गा रहेछ भने त्यस्तो जग्गामा नीजलाई मोहियानी हक प्राप्त हुने छ ।

१३.२ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि उपदफा १ वमोजिमको शर्त पुग्ना साथ मोहियानी हक प्राप्त हुने छ ।

१३.३ यस दफा बमोजिम हक प्राप्त हुने हो भनि दफा २० वमोजिमको अधिकारीले निर्णय गरी जानकारी दिना साथ सम्वन्धित कार्यालयले अड्डामा रहेको अभिलेखमा मोहि जनाई सो को निस्सा दिनु पर्ने छ ।

१४. घर, छाप्रो वा बुक्रामा हक प्राप्तीः-

१४.१ दफा ११ वमोजिम बाँधा वा निजको परिवार बसोबास गरेको घर छाप्रो बुक्रा आदि र सो घर छाप्रोले चर्चेको वारी समेत बाँधाको नाउँमा दर्ता हुने छ ।

१४.२ कसैले आफूलाई असुविधा हटाई पायक मिलाउन बाँधाको परिवारलाई असुविधा नहुने गरी अर्को ठाउँमा घरवारीको लागि जग्गा दिन पाउने छ । तर त्यसो गर्दा नीजले छाप्रो वा घर सार्ने र बनाउन लाग्ने खर्च व्यहोर्नु पर्नेछ ।

१४.३ यस दफा वमोजिमको घर ,छाप्रो, बुक्रा अदिमा जान आउनको लागि बाटो समेतमा हक प्राप्त हुने छ।

१५. शेयर प्राप्त हुनेः

१५.१ कसैले खेती बाहेकका उद्योगमा बाँधा राखेको भए त्यस्तो बाँधा राखेको मिति देखि मुक्त भएको मिति सम्मको प्रचलित मासिक पारिश्रमिक वा ज्यालाको हिसाव गरी नीजले पाए सम्मको पारिश्रमिक वा ज्याला कट्टा गरी हुन आउने वरावरको रकमको त्यस्तो उद्योगमा शेयर वा हिस्सेदरी हक प्राप्त हुनेछ ।

१५.२ कसैले उपदफा १ वमोजिमको रकमनै दिन चाहेमा शेयर दिन वाध्य गरिने छैन ।

परिच्छेद - ५
बाँधाको पुनर्स्थापना

१६. बाँधाको पुनर्स्थापनाः-

१६.१ यस ऐन वमोजिम मुक्त भएका वाँधा वा नीजको परिवार वा आश्रित नातेदारको शिक्षा तथा भरण पोषण लगायतको पुनर्स्थापनाको उत्तरदायित्व श्री ५ को सरकार उपर रहने छ ।

१६.२ बाँधाको पुनर्स्थापनाको निमित्त श्री ५ को सरकारले उपयुक्त नीति तथा योजना बनाई कार्यान्वयन गर्ने छ ।

१७. सर्वसंचित कोषमाथि व्ययभारः-

१७.१ बाँधाको उद्धार तथा पुर्नस्थापनको लागि हुने खर्च रकम सर्वसंचित कोष उपर व्ययभार हुनेछ ।

१८. बैंकहरुले कर्जा प्रवाह गर्नुपर्ने:-

१८.१ नेपाल अधिराज्यमा दर्ता भै कार्यरत वित्तिय संस्था तथा बैंकहरुले श्री ५ को सरकारले तोकिदिएको तरिका र अनुपातमा बाँधाको पुनर्स्थापना कार्यक्रममा सहुलियतपूर्ण लगानी गर्नु पर्नेछ ।

१९. गैरसरकारी संस्थाको सहयोग:-

१९.१ श्री ५ को सरकारसंग समन्वय गरी कुनै गैर सरकारी संस्थाले चाहेमा बाँधाको पुनर्स्थापना कार्यमा सहयोग प्रदान गर्न सक्ने छ ।

१९.२ उपदफा (१) वमोजिम गर्न चाहने गैर सरकारी संस्थालाई श्री ५ को सरकारले आवश्यक सहयोग तथा संरक्षण प्रदान गर्ने छ ।

परिच्छेद - ६

अधिकारी तथा सचेतक समितिहरु

२०. ऐनको कार्यान्वयन गर्ने अधिकारी:-

२०.१ यो ऐनको प्रभावी कार्यान्वयनको लागि श्री ५ को सरकारले तोकिएको संख्या र क्षेत्रमा बाँधा उन्मूलन अधिकारी नियुक्त गर्न सक्ने छ ।

२०.२ उपदफा १ वमोजिम अधिकारी नियुक्ति नहुन्जेलसम्म जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई उक्त अधिकारीको काम कर्तव्य र अधिकारको प्रयोग गर्ने गरी श्री ५ को सरकारले तोक्न सक्ने छ ।

२०.३ यस ऐनमा लेखिए देखि वाहेक बाँधा उन्मूलन अधिकारीको अन्य काम, कर्तव्य तोकिए वमोजिम हुने छन ।

२१. **सचेतक समितिहरुः-**

२१.१ प्रमुख जिल्ला अधिकारीले जिल्ला भित्र बाँधाको अवस्थाको निगरानी राखी सो कुरामा सूचना तथा सुझाव दिन उपयुक्त सम्झेको संख्यामा सचेतक समिति गठन गर्न सक्ने छन् ।

२१.२ सम्भव भए सम्म सचेतक समतिमा निम्न लिखित व्यक्ति रहने छन-

२१.२.१ तोकिएको अधिकारी वा नीजले तोकेको व्यक्ति -अध्यक्ष

२१.२.२ तोकिएको अधिकारीले तोकेको विद्यालयको शिक्षक -सदस्य

२१.२.३ तोकिएको अधिकारीले तोकेको समाजसेवामा लागेका व्यक्ति -सदस्य

२१.२.४ तोकिएको अधिकारीले तोकेको थारु जाति मध्येबाट एक जना -सदस्य

२१.२.५ गाविसका अध्यक्ष मध्येबाट एक जना -सदस्य

२१.२.६ जिल्लामा रहेका मानवअधिकार सम्वन्धि संस्था मध्येवाट एक जना -सदस्य

२१.३ सचेतक समितिको काम, कर्तव्यहरु तोकिए वमोजिम हुनेछन ।

परिच्छेद - ७
सजाय तथा कार्य-प्रणालि

२२. **सजायः-**

२२.१ यस ऐनको दफा ३ वा ४ को उल्लंघन गरी बाँधा राख्ने व्यक्तिलाई ३ वर्ष देखि १० वर्षसम्म कैद हुने छ ।

२२.२ कसैले कसैलाई बाँधा वनाउने उद्देश्यले बाध्य गर्ने, कर्जा दिने, सम्झौता

गर्ने वा अन्य कुनै पनि तरहले दवाव, प्रलोभन दिने वा प्रयत्न गर्ने व्यक्तिलाई बाँधा राखी नसकेकोमा माथि उपदफा १ मा लेखिएको सजायको आधा सजाय हुनेछ ।

२२.३ उपदफा १ वा २ वमोजिमको कसूरमा मतियार हुने वा प्रयत्नमा सरिक हुने वा संयोग पारी दिने लगायत कुनै प्रकारले मद्दत गर्नेलाई उपदफा १ मा लेखिएको सजायको आधा सजाय हुनेछ ।

२३ हकको उल्लंघन गर्नेलाई सजायः-

२३.१ कसैले यस ऐनको परिच्छेद ३ वा ४ मा भएको व्यवस्थाको उल्लंघन गरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैया सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

२४. अन्य सजायः-

२४.१ कसैले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम तथा अन्य कुनै आदेश, निर्देशनको उल्लंघन गरेमा वा काम, कारवाहीमा वाधा पुऱ्याएमा वा प्रयत्न गरेमा त्यस्तो व्यक्तिलाई बढीमा दुईहजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै हुनेछ ।

२५. श्री ५ को सरकार वादी हुने :-

२५.१ यस ऐन अन्तर्गतको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ ।

२५.२ यस ऐन अन्तर्गत चलाइने मुद्दाको छानविन तथा तहकिकात गरी मुद्दा चलाउने अधिकार तोकिएको अधिकारी वा नीजले तोकेको अन्य अधिकृतलाई मात्र हुने छ ।

२५.३ यस ऐन अन्तर्गत चलाइने मुद्दाको छानविन, तहकिकातको क्रममा सरकारी वकिलको सहायता लिन सकिने छ ।

२६. मुद्दाको सुनवाईः-

२६.१ यस ऐन अन्तर्गतको मुद्दाको सुनवाई गर्नका लागि जिल्ला अदालतका न्यायधिशको अध्यक्षतामा विशेष अदालतको गठन गरिने छ ।

२६.२ उपदफा (१) बमोजिमको विशेष अदालतको गठन श्री ५ को सरकारको अनुरोधमा सर्वोच्च अदालतद्वारा हुनेछ ।

२६.३ यस ऐन अन्तर्गत चल्ने मुद्दाको कारवाही र निर्णय विशेष अदालत ऐन २०३१ अनुरुप हुनेछ ।

२७. प्रमाणको भारः-

२७.१ यस ऐन अन्तर्गत चलेका मुद्दामा निर्दोषी प्रमाणित गर्ने भार अभियुक्तउपर रहने छ ।

२८. बाँधाको हैसियत साक्षी सरह हुने :-

२८.१ यस ऐन अन्तर्गत चलेको मुद्दामा सम्वन्धित बाँधाको हैसियत, साक्षी सरह हुनेछ ।

२८.२ अदालतले बोलाएको समयमा उपस्थित भै अदालतद्वारा मागिएको जानकारी दिनु नीजको कर्तव्य हुने छ ।

२९. संगठित संस्थाले गरेको कसूर सम्वन्धमाः-

२९.१ संगठित संस्थाले यस ऐन अनुसारको कसूर गरेको पाइएमा त्यस्तो कसूर वापतको सजाय सो संस्थाको प्रत्यक्ष नियन्त्रण गर्ने प्रमुख व्यक्तिलाई हुने छ ।

स्पष्टिकरण:- यस दफाको प्रयोजनको निमित्त-

(क) "संगठीत संस्था" भन्नाले फर्म, कम्पनी वा अन्य कुनै पनि संगठित संस्थालाई बुझाउँछ।

(ख) "प्रत्यक्ष नियन्त्रण गर्ने प्रमुख" भन्नाले अवस्था हेरेर संगठित संस्थाको प्रमुख , अध्यक्ष, सचिव, संचालक, महाप्रवन्धक, कार्यकारी, संचालन, प्रवन्ध संचालक साझेदार वा त्यस्तै अन्य व्यक्ति जसको प्रत्यक्ष नियन्त्रण रहेको छ, लाई सम्झनु पर्दछ।

३०. **पुनरावेदन:-**

३०.१ दफा २६.१ वमोजिम विशेष अदालतले गरेको निर्णय उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छ।

परिच्छेद - ८
विविध

३१. **अधिकार प्रत्यायोजन:-**

३१.१ श्री ५ को सरकारले आफूलाई प्राप्त यस ऐन अनुसारका अधिकार तोकिएको अधिकारी वा अन्य कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने छ।

३२. **निर्देशन दिन सक्ने :-**

३२.१ श्री ५ को सरकारले यस ऐनको कार्यान्वयन क्रममा आवश्यक निर्देशन दिन सक्नेछ।

३२.२ निर्देशन पाएकोमा त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ।

३३. नियम बनाउने अधिकारः-

३३.१ यस ऐनको उद्देश्यलाई कार्यान्वयन गर्नका लागि श्री ५ को सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्ने छ ।

३४. असल नियतले गरेको कामको बचाउः-

३४.१ यस ऐनको कार्यान्वयन गर्ने सम्वन्धमा असल नियतले गरेको कुनै काम, कारवाही वा मुद्दाको लागि तोकिएको अधिकारी वा सचेतक समिति वा यसका सदस्य लगायत कसै उपर कारवाही गर्न सकिने छैन ।

३५. सूचनाः-

३५.१ कसैले पनि बाँधा वारेको सूचना दिन चाहेमा लिखित, मौखिक वा अन्य कुनै प्रकारले दिन सक्ने छ ।

३५.२ सूचना दिने व्यक्तिले नचाहेमा नीजलाई अन्य कानूनी प्रक्रिया पूरा गर्न वाध्य गरिने छैन ।

३६. प्रचलित कानून वमोजिम हुनेः-

३६.१ यस ऐनमा लेखिएका जति कुरामा यसै ऐन वमोजिम र अरुमा प्रचलित कानून वमोजिम हुने छ ।

परिशिष्टहरु

परिशिष्ट - १

मिती: २०५०।६।१३

श्री सम्पादकज्यू

..... साप्ताहिक

महोदय,

यहाँलाई अवगतै होला ०४८/४९ मा इन्सेकले एघार महिना लगाएर देशको सुदूरपश्चिमाञ्चलका तीन जिल्लाहरु - कैलाली, कञ्चनपुर र वर्दियाका अठाह्र हजार कमैयाहरुका सम्वन्धमा सर्वेक्षण गरेको थियो । हाल इन्सेक ती बाँधा मजदूरहरुलाई मुक्त तुल्याउने अभियान सञ्चालन गर्ने दिशामा अग्रसर छ ।

हालै केही पत्रिकाहरुमा तेह्र वर्षीय बाँधा मजदूर आशाराम चौधरीको मुक्तिको समाचार प्रकाशनमा आएको सन्दर्भमा त्यस बारे यथार्थ जानकारी गराउने सिलसिलामा केही सामग्रीहरु प्रस्तुत गरिएको छ । आशा छ, तपाईको लोकप्रिय प्रकाशनका लागि प्रस्तुत सामग्री उपयोगी सिद्ध हुने छ ।

धन्यवाद ।

(सुशील प्याकुरेल)
संयोजक, इन्सेक

बाँधा मजदूर आशाराम चौधरीका सम्बन्धमा

हालै चर्चामा आएको तेह्र वर्षीय कमैया आशाराम चौधरीको विमुक्ति सम्बन्धी प्रश्नले नेपालमा "कमैया प्रथा उन्मूलन ऐन" को आवश्यकतालाई अरु टड्कारो तुल्याएको छ । तानतुन गरी बढाइएको ऋण चुक्ता भई सके पछि पनि आशारामलाई माघ नआउञ्जेल मुक्त नगर्ने साहू वम बहादुरलाई दवाव दिन इन्सेकले विद्यमान ऐन कानूनहरुकै सहारा लियो । केही महिनाको प्रयास पश्चात आशारामलाई मुक्त तुल्याउन साहू वम बहादुर सहमत त भए । तर पुर्नवासको कुनै व्यवस्था नभएकोले आशारामले पुन: विवश भएर भन्नु पऱ्यो । - "म मालिक कहाँ नै बस्छु" । ०५० साउन २ गते फ्रान्सिसी पत्रकार पीटर पिक्वार्डले धनगढी मै पुगी आशाराम चौधरी र माया देवी चौधरी एकाघरका आमा छोराका तर्फबाट उनीहरुको विमुक्तिका निम्ति साहू भीम बहादुर वमलाई पन्धहजार रुपैया बुझाएका थिए । ती साहुका परिवारले आशारामका बाजेद्वारा लिइएको सात सय रुपैंयालाई बढाएर पन्ध हजार पुऱ्याएका थिए । तर उक्त रकम पाइसके पछि पनि उनले आशाराम, उनकी आमा, एक दिदी र दुई भाइ गरी पाँच जनाको परिवारलाई मुक्त गर्न मानेनन् । हाल आएर आशारामका परिवार माघ महिना सम्म रु. पन्धसयमा काम गर्ने गरी तीनै साहू कहाँ बसेका छन् । उनीहरु बाँधा मजदूरीबाट त मुक्त भएका छन् । तर अब उनीहरु कहाँ जाने भन्ने गंभीर प्रश्न उठेको छ । उनीहरुसंग अन्य कुनै प्रकारको सीप छैन । साहूबाट उनीहरु केवल दुई हातहरुका साथ मुक्त हुदैछन् । यस्तो स्थितिमा अर्को माघमा उनीहरु फेरि अर्कै मालिकको शरणमा जाने निश्चित छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रको निर्देशानुसार आशाराम चौधरीको विषयलाई लिएर जिल्ला प्रशासन कार्यालय कैलालीमा मुलुकी ऐनको जीउ मास्ने बेच्ने महल ३ नं. अन्तरगत ०५० भाद्र ११ गते मुद्दा दायर गरिएको । मुद्दा इन्सेक-अभियान अन्तर्गत त्यस क्षेत्रमा कार्यरत मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्रका अध्यक्ष भजनराम चौधरीद्वारा दायर गरिएको थियो । तर त्यसै समयमा अतरिया, कैलाली मा रक्सी विरोधी आन्दोलन चलिरहेको हुनाले कार्यालय प्रमुखहरुको कार्यालयमा अनुपस्थितिका कारण उक्त दरखास्त उपर कुनै

कार्यवाही भएन । भाद्र १३ गते पुनः डि.एस.पी. कार्यालय गएर त्यस सम्बन्धमा के कार्यवाही हुँदैछ भन्ने विषयमा इन्सेकका सुदूर-पश्चिमाञ्चल क्षेत्रीय अधिकृत दशरथ बुढाथोकीले सोधपुछ गर्दा मालिक र कमैया दुबैलाई झिकाएर कुरा गर्छौं र सही कुरा बुझेर कार्यवाही गर्छौं भन्ने जवाफ दिइयो । भाद्र १४ गते जिल्ला प्रशासन कार्यालयमा पनि आशारामकै मुद्दालाई लिएर मुलुकी ऐनको गरीब कङ्गाल महल अन्तर्गत "मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र" को नामबाट निवेदन दिइयो । तर उक्त निवेदन प्र.जि.अ.ले लिन अस्वीकार गर्दै भन्नु भयो -"यस्तो खालको मुद्दा मैले अहिलेसम्म लिएको छैन, त्यसैले यो लिन सक्तिन ।" त्यस पछि पुनः कानून व्यवसायी भोजराज भट्टसंग सल्लाह लिई उक्त निवेदन रजिष्ट्री गरेर पठाउने काम भयो । भाद्र १४ गतेका दिन धनगढी बजारमा महिलाहरुको रक्सी विरोधी जुलुस निस्कने भएकोले जिल्ला प्रशासन कार्यालय प्रायः सून्य थियो । त्यसैले उक्त दिन कुनै अधिकारीसंग भेट हुन सकेन । भाद्र १५ गते इन्सेक प्रतिनिधीहरु पुनः जि.प्र.का.मा जानु भयो । त्यस दिन पनि डि.एस.पी. संग भेट हुन सकेन तर इन्स्पेक्टर मोहन जोशीले भन्नु भयो - "पुलिस पठाइ सकिएको छ, भोलि दुबैलाई लिएर आउँछ र आएपछि खबर गर्छु" ।

आशाराम चौधरी : साँच्चैको मुक्तिको प्रतिक्षामा

भाद्र १६ गते करिब १० बजे भीम बहादुर बम र आशाराम चौधरीलाई ल्याइएको जानकारी जि.प्र.का.ले इन्सेक सुदूर पश्चिमाञ्चल कार्यालयलाई गरायो । करिब ११ बजेतिर भीम बहादुरका भाइ मान बहादुर बम विक्रम चौधरीलाई खोज्दै इन्सेक तथा मानवअधिकार सचेतन केन्द्रको कार्यालयमा आउनु भयो । त्यस बेला केन्द्रका कार्यकर्ता विक्रम चौधरी काम विशेषले बाहिर जानु भएको थियो । "पहिले पत्र-पत्रिकामा हाम्रो रिपोर्ट गर्ने, आशारामको पैसा तिराउने र अहिले मुद्दा हाल्ने सबै विक्रमको काम हो त्यसलाई म नमारी छोड्दिन" भनेर वहाँ उत्तेजित हुँदै कराउन थाल्नु भयो । करिब अढाइ घण्टासम्म कमैया प्रथाका साथै वहाँहरु माथि मुद्दा दायर गर्नु परेको कारण बताउँदा पनि वहाँ सम्झने पक्षमा आउनु भएन । "म त ठकुरी हुँ, आज हामीलाई पुलिसले पक्राउ गरेर लगेको हुनाले हाम्रो इज्जत गएको छ । त्यसैले म अब विक्रमलाई छाड्ने छैन" भनेर वहाँ इन्सेक-कार्यालयबाट विदा भएर जानु भयो । त्यसै बीच करिब डेढ बजे तिर इन्सपेक्टर शिव नारायण मण्डलले बोलाएकोले दशरथ बुढाथोकी जि.प्र.का. जानु भयो । त्यसबेला वहाँले आशाराम चौधरीलाई आशाराम चौधरीलाई भेटी विभिन्न कुराहरु सोद्धा उसको मुख्य भनाइ थियो -"म माघसम्म मालिक कहाँ नै बस्छु ।" पक्राउ गरेर ल्याएको हुनाले भोलि पल्टै देखि भीमबहादुरद्वारा आशारामलाई नराख्ने कुरा व्यक्त भयो । अब आशारामलाई जिम्मा लिन मान्छे, संस्था र प्रहरी समेत कोही भएन । कुनै सीप नभएको सर्वहारा आशारामको विचारमा पुनः कमैया हुने बाहेक अर्को विकल्प रहेन । त्यसैले आशारामद्वारा त्यहाँ अभिव्यक्त माघसम्म पुरानै मालिककहाँ बस्ने रायले बाँधा विमुक्ति अभियान उचित व्यवस्था र राज्य पक्षको संलग्नता बिना संभव नहुने कुरा प्रमाणित गरेको छ । त्यसबेला धनगढी न.पा. वार्ड नं. १ का सदस्य हरि पाण्डेको रोहवरमा माघसम्म काम गरे वापत रु.१,५०० दिने र माघ पछि भीम बहादुर बम जिम्मेवारी नहुने कागज गरेर साहू र आशाराम दुबैलाई छाडिएको थियो । तर त्यो उपाय दीर्घकालिन रुपमा आशारामलाई मुक्त मानव तुल्याउने किसिमको थिएन । तसर्थ आशाराम वास्तविक रुपमा अझै पनि मुक्त भएका छैनन् ।

भाद्र १७ गते पुनः इन्सेक प्रतिनिधि विक्रम चौधरीको शान्ति सुरक्षा र प्र.जि.अ. कार्यालयमा दिएको मुद्दा बारे के-के कार्यवाही हुँदैछ सो बुझ्न प्र.जि.अ. कार्यालय जानु भयो । "यसमा कार्यवाही हुन सक्दैन, भीम बहादुर बमले मैले

आशारामलाई जा भन्दा मान्दैन भन्छ, के तपाई जिम्मा लिनु हुन्छ ? यदि लिनु हुन्छ भने म झिकाइ दिन्छु" भन्ने जवाफ दिइयो । वहाँले शान्ति सुरक्षाको सवालमा निश्चिन्त रहन आश्वासन दिनु भयो । डि.एस.पी.ले पनि यदि तपाई र तपाईको कुनै कार्यकर्तामाथि कसैले दुर्व्यवहार गऱ्यो भने मलाई टेलिफोनबाटै जानकारी गराइ दिनु होला, म सबै सम्हाल्ने छु र मानबहादुरलाई यहीं बोलाएर म आफै सम्झाउने काम गर्छु भन्ने जवाफ दिनु भयो । स्मरण रहोस् इन्सेक कार्याकर्ता विक्रम चौधरीमाथि कमैया प्रथा उन्मूलन विरोधीहरुले गत वर्ष दिउँसै बजारमा कुटपीट गरेका थिए । इन्सेक परिवार यस प्रकारका वाधा अड्चनहरुको सामना गर्न त एकदम तयार छ । तर आशाराम चौधरीको विमुक्ति सम्बन्धी प्रकरणलाई एउटा नमूना घटनाका रुपमा सम्बन्धित सबैले ग्रहण गर्नु आवश्यक छ । यस घटनाले औंल्याएको भविष्यमा कमैया-उन्मूलन सम्बन्धी अभियान संचालन गर्न तत्कालका लागि राज्य पक्षले त्यस्ता बाँधा श्रमिकहरुको विमुक्ति पश्चात पुर्नवासको व्यवस्था गर्नु पर्ने कुरा तर्फ सबैको ध्यान जानु आवश्यक छ ।

बाँधाहरुको विमुक्ति पुनर्वासको व्यवस्था संग गाँसिएको छ । विद्यमान कुनै पनि कानूनले बाँधाहरुको पुनर्वासको ग्यारेण्टी गर्न नसकेको सन्दर्भमा यो विशिष्ट खाले समस्याको समाधानको लागि छुट्टै कानूनको निर्माण हुनु नितान्त आवश्यक देखिन्छ ।

यसै परिप्रेक्षमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गहन छलफलका आधारमा जानकार व्यक्तिहरुको योगदानका साथ एउटा प्रस्तावित ऐन समेत तयार पारेको छ ।

परिशिष्ट - २

श्री

राजाराम डंगौरा थारु, जन्म २०३७ साल
बाबु : तेजराम, बाजे : वेचेलाल डंगौरा थारु

१. निवेदक थाहा भएसम्म बाजे वेचेलाल डंगौरा थारु लगायत ३ पुस्तादेखि कमैयाको रुपमा काम गर्दै आएको छु। बाबु देखि नै कमैयामा नै जन्मनु र हुर्कनु भएको छ। कहिले कुन मालिक कहाँ खरिद भएर काम गर्नु परेको छ त कहिले कहाँ। मेरो हैसियत खरिद गरिएको गोरुको भन्दा कुनै हालतमा राम्रो छैन अत: मेरो स्थिति "बँधुवा"/कमाराको रहेको छ।

२. मेरो जीवन कथा निम्न वमोजिम रहेको छ :

(क) मेरो पुर्खाहरु दाङ्ग जिल्लामा बसोबास गर्दथे त्यहाँ सम्पन्न थिए तर पनि त्यहाँका जमिन्दारको अत्याचारको शिकार भएर जिजु बाजे रामशरण डंगौरा कञ्चनपुर जिल्लाको हालको दैजी गा.वि.स.को रडहामा बसाई सरेर आउनु भएको रहेछ। जिजु बाजेले त्यस ठाउँमा जंगल फडानी गरि झण्डै १३ विगाहा जग्गा आवाद गरि परिवार चलाई आउनु भएको थियो। जिजु बाजे हट्टाकट्टा भएको कारण राम्रो आम्दानी गर्नु हुन्थ्यो, ३ जोडा गोरु, ३ जोडा रांगा, २,४ वटा कमैया थिए। पछि केही वर्षपछि नै लक्ष्मीपुर वेलौरीका तत्कालिन जमिन्दार कुनै थापा (नाम थाहा नभएको) ले वहाँलाई चौकुर आयस्ता दिनु पर्ने गरि कागज गराए। जे भए पनि वहाँले स्वीकार्नु भयो। तर जंगलको नजीक भएको कारण बाघ लागेर रांगा, गोरु, मानिसलाई मारेर धेरै दु:ख पाएको कारण गाउँका सबैले सो ठाउँ छोडे। जिजु बाजेले पनि आफ्नो कर्मभूमि छोड्न बाध्य हुनु पर्‍यो। त्यहाँबाट वहाँ कैलाली जिल्लाको हालको चौमाला गा.वि.स. अन्तर्गतको

वुचैनीमा परिवार लिएर बसाई सर्नु भयो । वुचैनीमा वहाँले केवल ४ विघा जग्गा पार्न सक्नु भयो । त्यस बेला २ जोडा गोरु, भैंसी पनि थिए तर केही वर्षमा रोगले गोरु, भैंसी सबै मरेर गोठ निमिट्यान्न भयो । वहाँले गोरु किन्ने कर्जा पाउन नसक्दा गोरु किन्न नसकेकोले खेती हुने जग्गा जमिन्दारलाई पहिलेका कर्जामा जिम्मा लगाउनु पर्‍यो । त्यसपछि वहाँ सुकुम्बासी भएर कैलालीकै हालको श्रीपुरको जोतापुरेमा कमैयाको रुपमा आफ्नो परिवारको पालन पोषण गर्न थाल्नु भयो । त्यसबेला जिजु बाजेको ८ जनाको परिवार थियो जसमध्ये एउटा छोरा बाजे वेचेलाल हुनु हुन्थ्यो । बाजेलाई समेत जिजु बुबाले कमैयामा दिनु पर्‍यो ।

(ख) बाजे बेचेलाल पहिलो पल्ट कमैया भएर कञ्चनपुर जिल्लाका हाल दैजी गा.वि.स. अन्तर्गत दैजीमा पुग्नु भयो । त्यसबेला बाजेलाई घरमा खाने गरि मस्यौरा र बिघाको रुपमा १ विगाहा जमीन दिइएको थियो । काम विहान ५ बजे देखि बेलुकी ७,८ बजेसम्म रहन्थ्यो । कामको समयको कुनै समय थिएन । खाने, पिउने, सुत्ने बाहेक सधैभरि कामकै समय हुने गर्थ्यो । बाजे कमैया र बज्यै ओर्गानी थिए । त्यहाँ उनीहरु ८ वर्षसम्म कमैया भएर बसे । कमैया भएको यस समयमा बाजेका ४ छोरा - तेजराम, दिलराम, कल्याण सिंह र महावीर र २ छोरी - सन्तोषी र जगमोतीको जायजन्म भएको थियो । बाजेका ६ जना छोरा छोरी समेत गरि आठै जनाले मालिक कहाँ काम गर्नु पर्थ्यो । सो वापत सबैलाई एक, एक जोर कपडा र खाना खान दिने व्यवस्था थियो । बस्नलाई एउटा नाम मात्र बुक्रा (छाप्रो) बनाइएको/दिइएको थियो । (पछि गएर बाजेका अरु दुई जना छोरी - गंगा र जमुना पनि भए) । कुल मिलाएर बाजेको परिवार १० जनाको थियो ।

त्यसपछि बाजे वेचेलालले दैजीकै जमिन्दार दगौरा थारु कृपाराम डंगौरा कहाँ कमैया भएर बस्नु भयो । त्यहाँ सबै परिवारलाई बस्ने बुक्रा दिइएको थियो । त्यसबेला बाजेका जेठा छोरा मेरा बाबु तेजराम र माइला छोरा दिलराम हलो जोत्न सक्ने भैसकेका थिए । उनीहरुले हलो जोत्ने काम गरे, साहिला छोरा कल्याण सिंहले मालिकका १५, २० वटा बाख्रा चराउने गर्दथे अरु दुई छोरीहरु मालिक

कहाँको सानातिना लाए अड्डाएको काम गरेर बुक्रामा बस्दथे । बजै ओर्गानी नै भइन् । विरामी हुँदा गुरुवा कहाँ जाने, अस्पताल इत्यादि केही थिएन । त्यहाँ करिब ४ वर्ष बाजेले बिताउनु भयो । यसै अवधिमा बाबु तेजरामको विवाह भएको थियो ।

त्यसपछि बाजे बेचेलालले आफ्ना छोराहरुलाई कमैयामा राखेर आफुले दैजीमा १ विघा जति ऐलानी जग्गा कमाउन थाल्नु भयो । ऐलानी जग्गा कमाएकोमा पनि बाजेले थुप्रै कोशेली पात जिमिन्दारलाई बुझाउनु पर्‍यो । केही वर्षपछि त्यसको पनि वालि (वटैया) बुझाउन पर्ने गरियो । बाबुहरु ४ भाइ दैजीका वीर बहादुर विष्ट कहाँ कमैया भएपछि उनीहरुले १६ विगाह जग्गा उठाउनु पर्ने भयो । सबै जनालाई बस्न बुक्रा थियो । बाजे बुक्रामा नै बसेर ऐलानी जग्गा कमाउँथे, बजै बुक्राको काम गर्दथिन् भने आमाले बुकरहीको काम गर्नु पर्थ्यो । खाना बुकरामा खाएरै काम गर्नु पर्दथ्यो भने यस वापत उनलाई केही पनि दिइदैनथ्यो । मालिक वीर बहादुर कहाँ बसेकै बखत बाजेले माहिलो छोरा दिलरामको विवाह गर्नु भयो । बाजेले लिएका अधिक ऋणको बारेमा केही थाहा भएन । तर वीर बहादुर कहाँबाट काका दिलरामको विवाह गर्न कर्जा लिनु भयो । ऐलानी जग्गा जोत्नका निमित्त आवश्यक पर्ने गोरु किन्न पनि बाजेले कर्जा लिएको पछि थाहा भयो । यी सबै गरि वीर बहादुर विष्टको बाजेलाई रु ७००/- सौंकी भएको थियो ।

अर्को वर्षमा साहिला काका कल्याण सिंहले वीर बहादुर विष्टकै अर्को कमैयाकी छोरीलाई फकाएर प्रेम विवाह गर्नु भयो । यसले निक्कै ठूलो हलचल मच्चायो । केटीको बाबुले होहल्ला गर्‍यो, पञ्चैती गरायो । आखिर उसले मालिक वीर बहादुरसंगबाट खाएको सौंकी रु १८००/- मेरा बाबु, काकाहरु चार भाइको थाप्लोमा सार्ने निर्णय भयो सो अनुसार सौंकी रकम थप भयो । सौंकी रकम सारेपछि मालिकले केटीको बाबुलाई उचालेर केटीलाई अन्तै लगाउने षडयन्त्र शुरु गर्‍यो । काका कल्याण सिंह बाँधियो काट्न जंगल गएका बखत उसको ससुराले उसकी छोरी मेरी कान्छीलाई दाङ्गतिर पोइल लैजान थालेको कुरा थाहा पाई मेरो बुबाले धनगढी गौरीफांटा भंसारमा रहेका प्रहरीहरु कहाँ हुलिया सहित उजुरी गर्नु भयो । किनकि त्यसबेला गौरीफांटाबाटै भाग्ने काम हुन्थ्यो । गौरीफांटाका प्रहरीले सो उजुरी अनुसार उनीहरुलाई पक्राउ गरे पनि घुस खाएर छोडि दिए । पछि काका कल्याण सिंहले काकीको खोज खबर गर्नु भयो, कहिं कतै पत्ता लाग्न सकेन । वीर

बहादुर कहाँ बसेकै बखत बाजेका गंगा र जमुन डंगौराको जन्म भएको थियो । वीर बहादुर विष्ट कहाँ जम्मा ८ वर्ष जति बसाई भयो । यसै अवधिमा बुबा तेजरामका दुई छोरी मेरा दिदीहरु - सैया डंगौरा र आशा डंगौराको जन्म भयो । काका दिलरामकी १ छोरी पनि यहिं जन्मिएकी हुन् । परिवार ठूलो हुँदै गएको कारण बराबर कर्जा खाइ रहनु पर्ने भएकोले कर्जाको रकम बढ्दै गयो । सौंकी (कर्जा) झण्डै ५०००/- बाट उभैं भैसकेको थियो ।

आठ वर्ष जति वीर बहादुर कहाँ कमैया बसेपछि दैजीकै रड्हाका धुम सिंह ऐरले वीर बहादुरको सौंकी तिरी दिएर सबैलाई कमैया बनाएर आफ्नो घरमा ठूलो हुललाई भित्र्यायो । सबै दाजुभाइले विहान ५ बजेदेखि बेलुकी १० बजेसम्म कामै काम हुन्थ्यो । बस्नको लागि बुकरा दिइएको थियो । आमा र काकी मालिकको घरमा बुकरही भए । उनीहरुले मालिक कहाँ उब्रे पाब्रेको खाए बाहेक मस्यौरा स्वरुप बुकरामा नै खानु पर्थ्यो कुनै बिघा पाइदैनथ्यो । दोश्रो वर्षमा बुकरामा आगलागी भयो । के नै सम्पत्ति थियो र ? जे थियो स्वाहा भयो । सबै दाजुभाइ र (बाबु तथा काकाहरु) आमा र काकीले दिनरात मेहनत गर्दा खानसम्म त पुऱ्याएकै थिए । तर बुकरा बनाउने, आवश्यक भाँडाकुंडा किन्न खौरी खानु पर्ने बाध्यता पर्न जानाले सौंकी बढेरै गयो । यता दाजु भाइका बीच पनि राम्रो सम्बन्ध भएन । सबै दाजुभाइ (बाबुहरु - ४ जना) आपसमा छुट्टिए । सबैलाई करिब ३,३ हजारको सौंकी भागमा पऱ्यो ।

दुई वर्ष धुम सिंहका घरमा काम गरेपछि छुट्टिएका दुई दाजुभाइ तेकराम र कल्याण सिंहले ६ हजारमा कञ्चनपुर महेन्द्र नगरपालिका वार्ड नं. २ उल्टाखामका धनवा भण्डारीले, काका दिलराम र महावीरलाई उनीहरुको सौंकीको रकम तिरेर महेन्द्र नगरपालिका वार्ड नं. २ नयाँ गाउँका दलबहादुरले कमैया बनाई लगे । यसै ठाउँमा म राजारामको जन्म भएको हो, सायद मेरो जन्म २०३५, ३६ सालतिर भएको होला । यहाँ पनि उस्तै कामका शर्तहरु, तरिकाहरु हुन्थे । मालिकले कहिल्यै राम्रो भन्दैनथ्यो न त सुखसंग दुई घडी बिताउन दिदैनथ्यो । बाबु काका खेतमा, आमा काकी मालिकको घरमा, जहिले पनि कामै काम । उनीहरुले बुकरामा बसेर खानु पिउनु पर्थ्यो ।

धनवा भण्डारीका घरबाट एक वर्ष पछि सुडा गा.वि.स. अन्तर्गत सुडाका दामोदर बोहोराले बाबु तेजराम र उनका परिवारलाई लिएर आए । दामोदर

बोहोराले करिब ३ हजार जति धनवा भण्डारीलाई तिरेको हो । विभिन्न कारणले खौरी खानु परेबाट सौंकी बढेर ४ हजार भन्दा माथि पुग्यो । दामोदर बोहोराको सास्ती, बाबुले खप्न सक्नु भएन त्यस कारण अर्को माघीमा उल्टाखामकै मोटे स्वारले दामोदरको पैसा तिरेर बुबालाई आफ्नो घरमा लग्यो । म ता सानै थिए ४, ५ वर्षको । मलाई नौलो र मज्जा पनि लागेको थियो अर्को घरमा जाँदा तर नियाश्रो पनि लागेकै थियो । उल्टाखामका मोटे स्वार कहाँ पनि साह्रै सकस थियो । तर त्यहाँबाट खरिद गर्ने अर्को व्यक्ति नभएकोले अर्को वर्ष पनि त्यहिं बिताउनु पऱ्यो । यहीं नै दिदीहरु सैया र आशाको विवाह गरिएको थियो । मालिकसंग कर्जा नलिई सुख्खै थिएन । फलत: कर्जाको रकम आठ हजार भन्दा धेरै हुन पुग्यो ।

यतिखेर बुबाको परिवारको संख्या ६ जनाको भयो किनकि ३ छोरी ३ छोरा आफु बुढाबुढी दुई जनामा दुई छोरीको विवाह भैसकेको थियो । बुबा पाको शरीर भए पनि कामबाट फुर्सत हुने कुरै भएन । सानोतिनो विरामी हुँदा गुरुवाले झारफुक गरि दिने र त्यसैबाट काम चल्दथ्यो । तर त्यो विरामी बाहिर निको भएको देखिए पनि भित्र घर गरेर बसेकै हुन्थ्यो किनकि फुकफाकले पनि कतै रोग निको हुने हो र ?

कुरा ४१ साल माघको हो । यस बेला म राजाराम ५ वर्ष, राजु (मेरो दाजु) म भन्दा दुई वर्ष जेठो भए पनि सातै वर्षको थियो । अरु भाइ बहिनी त झन सानै भए । हामी दाजु भाइलाई बाखा हेर्ने काम दिइएको थियो । जेनतेन सो काम गर्दथ्यौं - बाखाले हैरानै पार्दथ्यो । कतिवटाको वालीमा पस्दथे - कतिवटा मालिक वा धनीले कान निमोठे हिसाब गरेर साध्यै छैन । न त रुन मन लाग्थ्यो । शुरु शुरुमा रुने कराउने गरे पनि क्रमश: कान निमोठ्ने र निमोठिने एक सामान्य र सरल प्रकृया नै लाग्न थाल्यो । निमोठिन्जेलसम्म दाँत काढेर दु:खेको सह्यो निमोठ्न छोडेको एकै छिनमा दुख्न छोडी हाल्थ्यो । बाबु पिलन्धरे, सिकुटे देखिनु हुन्थ्यो, पेट भित्र पसेको थियो, स्वाँस्वाँ हुन्थ्यो । तर पनि काम गर्न थालेपछि रोकिने हो र ? २०४२ सालको माघीमा हाम्रो परिवारलाई निमोखेराको खड्ग बहादुर खत्रीले सौंकीको रुपैयाँ भोटे स्वारलाई तिरेर लग्यो । खड्ग बहादुर मापाको मान्छे थियो काम नगरि बस्नै दिदैनथ्यो । त्यो वर्ष बाबु विमारी भए पनि औषधी गर्न अस्पताल लैजानु पर्ने भनेर आमाले कुरा गर्दा केहीभएको होइन गुरुवालाई देखाए ठीक भै हाल्छ भन्ने गर्थ्यो । उसले एउटा गुण चैं लगायो कर्जा नदिएको कारण सो

साल सौंकी बढेन उत्तिका उत्तिकै रह्यो। त्यो फाइदा भए पनि बाबु चैं बराबर विरामी पर्दै जान थाल्नु भयो ता पनि कामको चाप तथा परिवार भोकै मर्छन कि भन्ने धुनले उनको विमारी कता दब्ब्यो दब्ब्यो पत्तै हुँदैनथ्यो। जे भए पनि हामी दाजुभाइ बाखा हेरिदिने कारण मालिकले खाना दियो र वर्षभरि त्यस्तो कुनै विपत्ती पनि आएन जसको कारण थप सौंकी खानु परोस्। सालभरि सौंकी नखाएकोलें थप हुन पर्ने अवस्थै परेन। अन्त्यमा मालिकले त्यो श्रेय पनि आफैंले लियो र भन्यो - अर्को ठाउँ खोज जेठा म यसपाली तँलाई राख्न सक्तिन तर मालिक चैं म जस्तै सौंक बढ्न नदिने खोज है।

२०४२ सालको माघी चाडमा जेनतेन रक्सी, मासु खाएर बाबु अर्को मालिक खोज्न लठ्ठी कांधमा हालेर गाउँघर तर्फ लागे। उनको इमान्दारीता, कामप्रतिको लगनशीलता, मालिकको बिग्रनु भनेको आफ्नो बिग्रनु हो जस्तो ठानेर काम गर्ने उनको व्यवहारले सबैजना उनलाई कमैयामा लिन चाहन्थे। बाबुको सोही गुणको कारण हत्तपत्त जो सुकै र जस्तो सुकै निष्ठुरी मालिक भए पनि १-२ दिन रिसाए पनि त्यस्तो नराम्रो वा हातपात वा अन्य किसिमको नराम्रो व्यवहार गरि हाल्दथे। यसै गुणकै कारण बाबुको नाउँमा ठूलै रकम सौंकी हुँदा हुँदै उनलाई किनेर लैजाने मालिक छँदै थिए। ढोल चन्दले दाजु राजुलाई भैंसी २ थान र गाई ७ थान चराउने काम लगाए। राजुलाई घरभित्रै मस्यौरा दिनका अतिरिक्त रु २०००/- पारिश्रमिक दिने भनेर भनेका थिए। तर पछि रकम लिने दिने कुरामा पाउँ भन्दा मालिकले घटि दिएर पहिले दिएको भनेकोमा ठाकठुक परेको थियो। मालिक ज्यादै गनगने थिए। हरदम गाली गरि रहन्थे। कर्जा त्यस्तो कुनै रकम खास जस्तो त लागेको थिएन ता पनि ४३ साल पौषमा सौंकी रकम ११ हजार भएको सुनाए। बाबु त जिल्ल नै परे कसरी ११ हजार पुगेको हो उनलाई पत्तो नै भएको थिएन।

२०४३ सालको माघीमा सौंकीको रकम तिरी दिएर सुडा गा.वि.स. वार्ड नं. ७ को घुर्सवामा १ वर्ष बिताउनु पर्‍यो। मालिक चुइयाँ रहेछ। बाबुलाई दिनु पर्ने १० कठ्ठा जग्गा नराम्रो खेत दिएछ, उब्जा नै हुन सकेन, मसौराको १८ मन धान त कहिले सकियो सकियो। १८ मन सौंकी दिएका धान पनि भूस मिसाएको धान दिएको थियो। खान नपुग्नाले यहीं ४ मन धान खानलाई खौरी लिन पर्‍यो र लत्ता कपडा, नून तेल किन्न र केही उपचार गर्न भनेर एकहजार कर्जा लिएको

भनेर मालिकले पछि हिसाब देखायो। सौंकीको रकम बढेर १२ हजार र ४ मन धान पुग्यो। कैल्यै पनि बजार मेला जान नदिने र असाध्यै किचकिच एवं गाली गर्ने मालिक थियो। कहिले नपाएको गाली त यसै बेला पाइएको जस्तो लाग्छ।

एउटा कुरा अहिले आएर सोच्दा विचित्र लाग्दछ। सौंकी धेरै भएको परिवारका अरु त्यति काम गर्न नसक्ने र कमैया हुने पनि कमजोड जस्तो भै सकेका व्यक्तिलाई मालिकले त्यति मन पराउँदैनन्। किनकि उसको सौंकीको कुनै ग्यारण्टी हुँदैन। सौंकी डुब्ने डर रही रहन्छ। तर हाम्रा बाबुको हकमा त्यस्तो आपत भने परेन। भगवानको कृपा हो हरेक माघीमा एक एक जना नयाँ मालिक पाइँदै रहे। २०४४ सालको माघीमा बुबा र हाम्रो परिवारलाई किन्नेमा गाउजीको फरेष्टर बालदेव भट्ट निस्किए। कमैयालाई विघाको रुपमा १० कठ्ठा राम्रो जग्गा दिए। पछि रोपा भएको कारण ५ क्वीन्टल धान फल्यो। मसौरा १८ मन पक्का धान दिइएको थियो। वास बस्न बुकरा थियो। यस वर्ष माघीमा हामीलाई कसैले किनेन्। बाबुले पनि उवद्रै इच्छा गरेनन् र बालदेव भट्टले नै २०४५ सालको वर्षलाई पनि सकाऱ्यो। यसपाली हामीलाई एकजना बहिनी प्राप्त भई र उसको नाम फुच्चु राखियो। आमालाई त हैरान नै थियो तर पनि आमाले वास्ता गरिनन्, झर्को फर्को गरेको सुनिएन, मालिक्नीले गाली गरेकोमा पनि केही नभनी काम गर्दै रहन्थीन्।

२०४६ सालको माघीले हामीलाई अर्को मालिक दियो। झसपुराका चक्र बहादुर धामीले बालदेव भट्टलाई सौकीको रकम तिरी दिएर लगेको थियो। हामीले तर्ल्याङ तुर्लुङ पारेर आफ्ना एक कुम्लो हाँडाभाँडा बोकेर चक्र बहादुर धामी कहाँ गयौं। सबै मालिकले आवश्यकतानुसार बुक्रा बनाएकै हुन्छन् तर त्यहाँको बुकरामा ढोका रहेनछ र बुकरो पनि चुहिने। हामीलाई ढोकाको त पिरै थिएन कसले केलान्थ्यो र, पानी चुहुनेको चैं पिरै भो। माघैमा हो क्यारे, पानी चुहेर सबै भिजीयो सबैजना नचुहुने ढाड पारेर एकै पोका भएर रात काटियो। जेनतेन भोलिपल्ट बाबुले चोरखर लगाए। तै पनि वर्षभरि पानी चुहिदै रह्यो। यसै साल हामीलाई अर्को एउटा भाइ पनि देउताले दिए।

२०४७ सालको नयाँ मालिक झसपुराका कृष्ण कुमार जोशी भए। उनले चक्र बहादुर धामीलाई सौंकी तिरेका थिए। कृष्ण कुमार जोशीले दाइ राजु, मलाई र अर्को बहिनी फुच्चुलाई पुरै काममा लगाए। राजुदाइ भैंसवार, म गैवार र बहिनी

छेकवारको रुपमा काम गर्न थाल्यौं । खाना पनि मालिककै घरमा खान पाइयो ।

२०४८ सालको माघीले हामीलाई अर्को मालिक दियो - गैलनढिका गंगादत्त जोशी । तर जोशीको घरले हामीलाई बाबुबाट सँधै टुहुरा बनायो । शुरुमा बाबुलाई आँखाको विरामी भयो । मालिकसंग रु ६०० कर्जा गरेर गेटा आँखा अस्पतालमा उपचार गराउँदा केही ठिक भए जस्तो त भएको हो । बाबु फेरी विरामी परे । यसपाला पेट दुख्ने, शरीर सुक्ने र जोर्नी दुख्ने । अरुथोक पनि भएको थियो कि के थाहा ? औषधीमुलो गर्न पैसा थिएन । मालिक जोशीले कर्जा दिएनन् । कर्जा भन्यो कि उनी पड्की हाल्थे । बाबुलाई छुट्टि पनि दिइएन । तर पछि त थला नै परे काम गर्न जानै सकेनन् । जेनतेन सानोतिनो काम त गरे पनि । यस्तो हुँदा हुँदै असोज महिनाको शुरुमा बाबुको मृत्यु भयो । साढै ठूलो बज्रपात खस्यो हामीलाई । टुहुरा भयौं । बाबुको काजकिरिया गर्न खर्च थिएन । मालिकले दिएनन् । आखिर काका महावीर कहाँ गएर काज किरिया भयो । गरियो भन्नु पर्‍यो । किरियामा लागेको खर्च काकाले नै हाल बोकेका छन् । उनैलाई पत्याएर कर्जा प्राप्त भएको हो ।

बाबुको काज किरिया सकिएपछि दाजु राजु डंगौरा बाबुको ठाउँमा कमैया बस्यो । १४/१५ वर्षको राजु अब त लाठे देखिन थालि सकेको थियो । उसले खेती उठायो । हामी सबैले काम गर्नु पर्‍यो । गर्‍यौं । खेतीपातीका साथै ढिकी चलाउने गोलिया लिन जंगल जान थाल्यौं । जंगलमा मालिकले अरुबाट कटाएका गुलिया एक्लै लढियामा लोड गराइ दिएपछि राती राती ल्याउने गर्थ्यो । उसलाई राती डर लाग्दैनथ्यो । न त उसलाई पुलिसले पक्र्यो ।

२०४८ सालको अन्त्यमा सौंकी १३८९६/- भएको थियो ।

परिशिष्ट - ३

कञ्चनपुर

जहाँ मानिसको किनबेच हुन्छ

-गोपाल गुरागाई-

प्रजातन्त्रको पुनर्स्थापना पछि प्रत्येक वर्ष माघमा हड्ताल गर्दै आएका कमैयाहरुले यसपटक हड्ताल गरेनन्, नारा पनि लगाएनन् । हलिया र कमैयाका भरमा बर्दिया, कैलाली र कञ्चनपुरका फाँटिला र मलिला मैदानमा खेतीपाती गर्दै आएका जमीन मालिकहरुका लागि माघमा हड्ताल नहुनु खुशीको विषय हुनसक्छ, तर यसपटक कमैयाहरुको हड्ताल नहुनु आँधी आउने संकेत पनि हुन सक्छ ।

प्रजातन्त्रपछि दासप्रथाको अवशेषबाट मुक्त हुन छट्पाटाइरहेका कमैयाहरु यसपटक हड्तालमा नउत्रिनुको कारण एउटै छ - उनीहरु मौकाको खोजीमा छन् । र, मालिकहरुलाई अत्यन्त अप्ठ्यारो अवस्थामा पारेर मुक्त हुने खोजी गर्न थालेका छन् ।

आफूलाई २४ वर्षको बताउने, तर झण्डै ४० वर्ष पुगिसकेका रिसुवा दंगौरा हालै सुक्रीबिक्रीमा परेका नेपाली नागरिक हुन् । उनलाई आफ्नो उमेर थाहा छैन । दाङ जिल्लाको घोराही पश्चिम जलौरामा जन्मिएका रिसुवा पहिलोपल्ट कैलाली जिल्लाको मालाखेतीमा बिना पारिश्रमिक हलिया भएका थिए । उनलाई काम गरेवापत खान दिइन्थ्यो ।

आफ्नो पहिलो मालिकको नाम उनलाई संझना छैन । उनलाई पहिलो मालिकले काम गर्दा १५ सय रुपैयाँ दिएको थियो । त्यो कर्जाको बोझले उनी अहिले पनि दबेको-दबियै छन् ।

तीन वर्ष काम गरेपछि मालाखेतीको मालिकले उनलाई विनाब्याज सावाँको सावाँमै बेचिदियो । कञ्चनपुर झलारीका अन्तरामले रिसुवाले अन्तै जाने इच्छा गरेपछि अन्तरामले रिसुवालाई १५ सयमै बेचे । उसलाई झलारीकै फग्गी पण्डितले किनेका थिए ।



एउटै मालिक उस्तै काम : एकै घरमा रहेका तीन कमैया

फग्गी पण्डितकहाँ पाँच वर्ष काम गर्दा पनि उसले फग्गी पण्डितले अन्तरामलाई तिरेको (रिसुवालाई किन्दा दिएको) १५ सय रुपियाँ तिर्न सकेन । त्यसपछि फग्गी पण्डितले रिसुवा चौधरीलाई कञ्चनपुरमा बेचिदिए । १५ सयमा फग्गीबाट बेचिएर प्रेमी राना थारुको घरमा आएको रिसुवाले प्रेमीको घरमा सात वर्ष काम गऱ्यो, तर पनि उसको ऋण सकिएन । उल्टो प्रेमी राना थारुले उसको कर्जा बढाइदियो । सात वर्ष काममा जोताएपछि प्रेमी रानाले रिसुवालाई रौतेली विववामा बेचिदियो । जयदेव सुब्बाले रिसुवालाई रु. चार हजारमा खरीद गरेर तीन वर्ष काम लगाए ।

रिसुवाले बिहानदेखि बेलुकासम्म कठोर श्रम गरे पनि उसको कर्जा घटेन । एक वर्ष काम लगाएपछि जयदेव सुब्बाबाट बेचिएर ऊ सुढा (कञ्चनपुरको सुँढा गाविस) पुग्यो । उसलाई चार हजार तिरेर लाटा पौडेलले खरिद गरे । लाटा पौडेलले रु. चार हजार र १५ मन धान दिएर किनेको रिसुवालाई रु. चार हजारमा अर्को वर्ष बेचिदिए । उसलाई लालपुरका डुम्मु नाम गरेका व्यक्तिले खरीद गरे ।

लालपुर बस्दाबस्दै उसको थाप्लोमा फेरि कर्जा बढ्यो । दाम्लोको गोरु

खोलेर बेचेझैं लालपुरबाट ऊ आठ हजारमा बेचियो । महेन्द्रनगर नगरपालिक भासीका रमेश बोहराले उसलाई किनेर एक वर्ष काम लागाए पछि त्यति नै मोलमा लालपुरका दशरथ जोशीले खरीद गरे ।

प्रतिमहिना एक सय तलबबाट कर्जा चुकाउने शर्तमा दशरथको घरमा काम गर्न थालेको रिसुवाले वर्षभरि काम गरेको तलब त पाएन पाएन, उल्टो एक हजार एपियाँ ऋण थपिएको जानकारी पायो । विरक्त भए पनि ऋण तिर्ने नाममा दशरथ जोशीलाई रु. नौ हजार रकम चुक्ता गरेर रिसुवालाई मौलियाका पिताम्बर बाहुनदत्तले खरिद गरे ।

बेचिनु र लगातार मालिककालागि लिलाम बढाबढमा पर्नु उसको नियति थियो, त्यसैले मौलियाका पिताम्बर बाहुनदत्तले घरमा पनि उसले भविष्य राम्रो देखेन । नौ हजारमा किनेको रिसुवालाई पिताम्बरले दुई हजार नाफासहित रु. ११ हजारमा बेचिदिए । निम्खडाका पद्मबहादुर शाहले उसलाई रु. ११ हजारमा किने र वर्षदिनभरि काममा दलाएर रु. १२ हजारमा बेचिदिए । उसलाई पदमबहादुर शाहबाट निम्खडाकै भावनीदत्त भट्टले खरीद गरेका थिए ।

भवानीदत्त भट्टले रिसुवालाई रु. १२ हजारमा खरीद गरेका थिए, त्यसैले उनले रिसुवालाई तीन वर्ष जोतेर काममा लगाए । हलिया त धेरै जनाको भयो, तर भड्कौलियाको जस्तो मालिक (भवानीदत्त भट्ट) र मानिस त अन्त कतै देखिन - रिसुवाका आँखा त्यहाँको अत्याचार संझदा पनि रसाउँछन् ।

यसै वर्ष रिसुवा फेरि बेचिएको छ, तर चानचुने रकममा होइन । भवानीदत्तले उसबाट तीन वर्ष भोकै पेटमा मरिकुच्च काम त लिएका छन् नै रिसुवालाई बेच्दा रु. आठ हजार नाफा पनि गरेका छन् । भवानीदत्तले रिसुवाको मोल रु. २० हजार राखेपछि उसलाई अहिले महेन्द्रनगर नगरपालिकाको भगतपुरका भोजराज भण्डारीले खरीद गरेका छन् ।

मालिकको काममा लगाएको बेला पिसाब फेर्ने निहुँमा एकछिन फुत्केर रिसुवाले सुनाएको यो कथाको अन्त्य अहिले पनि भएको छैन । वर्ष दिन भित्र मरेनन्भने उसले फेरि बेचिनुपर्ने संभावना त छदैछ, यी मालिकहरुकहाँ काम गर्दा उसले भोगेको अमानवीयताको प्रमाण पनि उसंग जीवित छ ।

रिसुवाको माथिल्लो गिजामा छ, सातवटा दाँत छैनन् । यी दाँत नहुनु नै कमैया प्रथाभित्र हुने अमानवियताको प्रमाण पनि हो । १२ हजारमा किनेर ल्याउँदा

भवानीदत्तले रिसुवालाई १८ मन धान दिनुपर्ने थियो । कमैयालाई खानको लागि मस्यौरा भनेर हरेक मालिकले १८ मन धान दिनु पर्छ यही उसको ज्याला पनि हो परिवारको गुजारा चलाउने साधन पनि ।

तर भवानीदत्तको घरमा काम गर्दा उनले धान माग्दा सधै गाली खानु पऱ्यो । आधा मन एकपल्ट दिएपछि अर्कोपल्ट धान माग्दा भवानीदत्तले थप २० के.जी. धान त दिए, तर कति घिच्छस थारु भनेर उनलाई हप्कीदप्की गरे । १८ मन धान दिनु पर्नेमा उनलाई प्रतिवर्ष १२ मन मात्र दिइयो ।

उनीहरुमाथि भएको कुटपीटको व्यथा झन् डरलाग्दो छ । भवानीदत्तले खुर्सानी लिन पठाएपछि उनी खुर्सानी लिन गए, तर फर्केर आएपछि उनले मालिकका हातबाट गोरुले खाने खालको पिटाइ खानुपऱ्यो । खुर्सानी लिएर आएपछि मालिकले उनलाई लाठाले डडाल्नामा भक्कुमार पिटे । रिसुवालाई जाँड खान गएको आरोप लगाइयो ।

पदमबहादुर शाहको घरमा बस्दा उनीमाथि योभन्दा पनि अमानवीय व्यवहार गरियो । पदमबहादुरका छोरा भोजबहादुर शाहले बिनाकारण रिसुवालाई यतिविध्न पिटे कि रिसुवाका आधा दर्जन दाँत सधैको लागि खुस्केका छन् । तल्लोपट्टिका दाँतहरु टम्म भए पनि उनको माथिल्लो गिंजामा अगाडिपट्टि दाँत छैनन् ।

यसरी वर्षैपिच्छे माघ महिनामा लिलाम हुने मानिस एउटा रिसुवा मात्र होइन, रिसुवा त लाखौं व्यक्तिमध्येका एक मात्र हुन् । रिसुवा जस्ता लाखौं कमैयाहरु यसपल्ट त रु. पाँच सयमा मात्रै पनि बेचिएका छन् ।

यिनीहरुलाई बिहान डाँडो रातो नहुदै उठाइन्छ । बिहान उठेपछि बेलुका राति अवेरसम्म यिनीहरुलाई काममा जोताइन्छ । गाईबस्तुको खोलेफाँडो, पानी, घाँस-दाउरा, खेतीपाती सबै यिनै कमैयाहरुको भरमा चल्छ । खेतीपातीको बेलामा त यिनीहरुबिना कुनै काम हुदैन । छोटोमा भन्दा कमैयाबिना पश्चिम नेपालमा दुई बिघा खेतमा पनि रोपाई हुदैन । प्रत्येक वर्ष उत्पादन हुने अन्नका गेडा यिनका पसिना र रगतले भिजेका हुन्छन् । यिनीहरुको मेहनत र पसिनाको भरमा बाँचेका कमैयाहरुले न त पेटभरि खान पाएका छन् न त मान्छे भएर जिउन पाएका छन् ।

अठार मन धान खान दिएवापत कमैयाको सिंगो परिवारले मालिकको घरमा काम गर्नुपर्ने बाध्यता त छदैछ, त्यसमाथि कमैयाका स्वास्नी र छोरीले

कमैयालेभन्दा पनि अमानविय व्यवहार भोग्नुपर्छ ।

कमैयामाथि हुने यस्ता अमानवीय अत्याचारका पत्रहरु संभवत: त्यतिवेलासम्म रहिरहन्छन्, जतिबेलासम्म यस प्रथाबाट उनीहरुलाई अमलेख गरिदैन । मालिकबाट हुने यस्ता अत्यचारले सोझा थारुहरुको मन अहिले नराम्रोसंग चिमोटेको छ ।

कञ्चनपुर जिल्लाको भगतपुरमा भोजराज भण्डारीकै घरमा बसेको अर्को कमैया चुनकलिया थारु आफ्नो पीडा पोख्दै भन्छ -"हलिया बस्नु र जेल बस्नु उस्तै उस्तै हो, दुई दिन सकेनभने तेस्रो दिनदेखि प्रतिदिन मालिकले ५० रुपियाँ हर्जाना लिन्छ । कतै जान दिदैन, अरुसंग बोल्न दिदैन ।"

पश्चिम नेपालको बर्दिया, कैलाली र कञ्चनपुरमा हलिया र कमैयाको नाममा बिक्री हुने यी मानिसहरुको संख्या कति छ भन्ने कुरा कसैले पनि बताउन सक्दैन । प्रजातन्त्र अउनासाथ मालिकको कर्जाबाट मुक्ति पाउने आशा यिनीहरुले राखेका थिए । अन्तरिम सरकारले यो काम गर्न सक्ने संभावना देखेर त्यसबेला यी जिल्लामा गाविसका सचिवहरुले कमैयाको लगत पनि लिए । तर त्यो लगतमा पनि अहिले धुलो जम्न थालेको छ भने सरकारलाई पनि यति नै कमैया कर्जामा किनबेच भैरहेका छन् भन्ने थाहा छैन ।

उनीहरुको लगत लिने, ऋण रकम सोध्ने, अमानवीय व्यवहारका बयान लिने र अन्तमा आश्वासन दिने काम सरकारी र गैरसरकारी दुबै क्षेत्रबाट हुदै आएका छन् । गत वर्ष बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन)ले नमूना सर्वेक्षण गरेको थियो भने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बृहत् सर्वेक्षण गरेको थियो । तर त्यस पछि उनीहरुको विषयमा कसैले सोधीखोजी गरेको छैन । आफ्नो स्थापनाकालदेखि (२०४५) नै कमैयाको मुक्तिको नारा दिदै आएको कञ्चनपुरको बेदोक्त धार्मिक तथा सामाजिक सेवा संस्था पनि नारामै सीमित भएको छ । कतिपय कमैयाहरुले यस संस्थाप्रति अविश्वास प्रकट गर्न थालेका छन् । प्रजातन्त्रको पुनर्स्थापनापछि यस प्रथाको अन्त्यकालागि नेकपा (एमाले) ले कमैयालाई संगठित गरे पनि कमैयाहरुको मोह त्यतापट्टिबाट पनि विस्तारै घट्न थालेको छ । बर्दियाका सुकुम्बासी (त्यसमध्ये कतिपय कमैया थिए) लाई सरकारले हात्ती र डोजर लगाएर धपाएपछि कमैयाहरुको संरक्षण एमालेले पनि गर्न सक्दैन भन्ने भावना उनीहरुमा बढ्न थालेको छ ।

फलत: उनीहरुको मालिकसंग लिएको ऋणबाट मुक्त हुन अव आफै संगठित हुनुपर्ने मनस्थिति देखाउन थालेका छन् भने कतिपय मालिकहरु कमैया राख्नु कुखुराको चल्लो चपाउनु जस्तै कठिन हुन थालेको अभिव्यक्ति प्रकट गर्दछन् । "कमैया नराख्दा खेतीपाती चल्दैन र राख्दा उनीहरुबारे भैरहेका टीका-टीप्पणीबाट बच्न सकिदैन" - नाम नछाप्ने शर्तमा एक किसान भन्छन् ।

कमैयाहरुको बारेमा लगातार मुलुकभरि चर्चा हुन थालेपछि अहिले केही उदार खालका किसानहरुले कमैया राख्न हिच्किचाहट देखाएका छन्भने अनुदार खालका किसानहरुले कमैयामाथि गरिने दुर्व्यवहारलाई अरु बढाएका छन् । वर्षैपिच्छे कमैयाहरुले गर्ने हड्ताल, वामपन्थी राजनीतिक पार्टीहरुको दवाव र लगातार छापिने समाचारहरुको सर्वाधिक प्रभाव कञ्चनपुर जिल्लाको नगर क्षेत्रमा देखिन थालेको छ ।

अहिलेको वर्ष कञ्चनपुर जिल्लामा विभिन्न मालिकको घरमा बेचिएका ७५०ले मुक्ति पाएका छन्भने गत वर्ष २५ परिवारले मुक्ति पाएका थिए । मुक्तिको आशामा बसेका अरु कमैयाहरु पनि छट्पटाएका त छन्, तर स्थानीय प्रशासनमा मालिकहरुको पकडले गर्दा उनीहरु तुरुन्तै मुक्त हुन सकिन्छ भन्ने आशा गर्ने नसक्ने अवस्थामा छन् ।

वि.सं. २०४२ मा कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी छँदा रेवतीरमण नेपालले यस विषयमा जति चासो देखाए, अहिलेको प्रजातान्त्रिक नेपालका प्रजिअहरुले त्यस्तो चासो देखाएका खण्डमा कमैया मुक्ति असंभव कुरा होइन । कमैयाहरुको इतिहासमा प्रशासनले हस्तक्षेप गरेर ०४२ सालमा मुक्त गरेको फिरु राना थारुको परिवार नै संभवत कमैयाबाट मुक्ति पाउने पहिलो परिवार हो ।

वि.सं. २०३७ देखि उनीहरुको मुक्तिको चाहना गरेका हुन् । कमैयाहरुले मालिकहरु विरुद्ध २०३७ साल माघ ८ गते हड्ताल र जुलूस गरेर आफ्नो मुक्तिको चाहना प्रकट गरेका थिए । पंचायती शासनकालमा पंच नेताहरुले यस विषयमा चासो नदेखाएपछि कमैयाहरुको विषयमा राजदरबारमा पनि पटक पटक जाहेरी पऱ्यो ।

राजाका कानमा कुरा पुग्न थालेपछि अंचलाधिस र प्रजिअहरुले गृहमन्त्रालयमा बेलाबखत कमैयाहरुबारे प्रतिवेदन पठाए । तर कसैले पठाएका

प्रतिवेदनले पनि खास अर्थ राखेन । स्वयं अन्तरिम शासनमा श्रम तथा समाज कल्याण मन्त्रालय सम्हाल्नुभएका मन्त्री नीलाम्बर आचार्यको पार्टीका कार्यकर्ताहले कमैयालाई मुक्त गर्न धेरै दबाव दिए, तैपनि कमैया प्रथा जीवित रह्यो ।

एकपटक उनीहरुलाई अमलेख गरे पनि फेरि कमैयाहरु पुरानै काममा फर्किने त होइनन् भन्ने आशंकाले पनि अहिले उनीहरुको मुक्त हुने चाहनालाई सबैले बेवास्ता गरेका छन् । बैकल्पिक रोजगारी खडा नगर्दा केही कमैयाहरु पुनः विक्रीमा जादैनन् भन्ने ग्यारेण्टी पनि छैन । तर वैकल्पिक रोजगारी नपाउन्जेल कमैया मुक्तिको कुरालाई थन्क्याउने हो भने नेपाल मानिसको किनबेच हुने मुलुकका रुपमा संसारभर बद्नाम हुने कुरा पनि लगभग स्पष्टै देखिन थालेको छ ।

पटक पटक वर्षैपिच्छे भएका हड्ताल, पटक पटक सरकारी र गैरसरकारी क्षेत्रबाट पाएका आश्वासन, दिन प्रतिदिन उनीहरुमाथि भैरहेको अमानवीय अत्याचार र प्रजातन्त्रको स्थापनापछि मानवीय समस्यामा बढ्दो राजनीतिकरणले उनीहरु वाक्क-दिक्क हुन थालेका छन् । माघमा प्रत्येक वर्ष हुने हड्ताल यसपल्ट उनीहरुले गरेका छैनन् र संभवतः अब गर्ने पनि छैनन् । तर कमैयाहरुले हड्ताल माघमा नगर्नुको अर्थ कहिल्यै गर्दैनन् भन्ने होइन । उनीहरु यसपल्ट असार र साउनमा हलो र कोदालो खेतमा बिसाएर मैदानमा उत्रिने तयारी गर्दैछन् । मालिकको स्वार्थमा ठूलो धक्का नलागी मुक्तिको बाटो खुल्दैन भन्ने निष्कर्षमा पुग्न थालेका कमैयाहरुसंग यसबाहेक अर्को विकल्प पनि देखिदैन ।

(साभार, जनमंच साप्ताहिक, ०४९ माघ २९)

परिशिष्ट – ४

शंकरहरु मृत्यु पश्चात मात्र मुक्त हुन्छन्

कैलाली, कञ्चनपुर र वर्दियाका कमैया

- कुन्दन अर्याल -

बर्षौं पहिले, कालजयी कथाशिल्पी प्रेमचन्दले शंकर नामका एक यस्तो पात्रको श्रृजनागरेका थिए, जो गाउँको महाजन कहाँवाट पैचो ल्याएको "सवा सेर गहूँ" आफ्नो जीवनकाल भरि चुक्ता गर्न सक्दैन । पैंचो ल्याएको भन्दा कैयन गुना बढी तिरी सकेर गोरु, घर-खेत साहुलाई जिम्मा लगाउँदा पनि शंकरले सपरिवार वीस वर्षसम्म साहु कहाँ वधुँवा मजदूर भएर नारकीय जीवन विताउनु पऱ्यो । र मरि सके पश्चात मात्र उसले मुक्ति पाउन सक्यो । शंकरको मृत्यु पश्चात साहुले उसको छोराको टाउकोमा सारा ऋणको बोझ थुपारी दिए ।

"सवासेर गहुँ" को अन्त्यमा प्रेमचन्दले लेखेका छन् - "पाठक ! यस वृतान्तलाई कपोलकल्पित नठान्नोस् । यो सत्य घटना हो । यस्ता शंकरहरु र यस्ता साहुहरुको दुनियाँमा कमि छैन ।"

प्रेमचन्द्र कुनै तथ्यांकविद् थिएनन् । तर उनले "सवा सेर गहुँ"द्वारा हाम्रो जस्तो सामाजिक परिवेशको अप्रेशन गरेका थिए ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०४८-४९ मा करिव एघार महिनासम्म वर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरुमा गरेको अध्ययन अनुसन्धानले नेपालका त्यस्ता थुप्रै अभागी शंकरहरुलाई दुनियाँको आँखा अगाडि उभ्याइदिएको छ ।

आज पनि पश्चिम नेपालका ती जिल्लाहरुमा साहुले दिएको अति न्यून पारिश्रमिक "विघा" र अपुरो आहार - "मसौरा" ले धान्न नसकेर शंकर चौधरी वा शंकर थारुहरु तिनै साहुहरुसंगै ऋण -"सौंकी" काढीरहेका छन् । उनीहरु दिन पर दिन सौंकीको डोरीले कस्सिदै छन् । र पुस्तौनी सम्म दासत्वको जीवन बाँची रहेछन् ।

कञ्चनपुरको देखत पुलीमा जन्मेर त्यहीं हुर्केका ५६ वर्षिय छिदुवा खुना

प्रेमचन्दको शंकर कै अर्को संस्करण हुन् । उनले गाउँकै एकजना साहुसंग ०३४ मा जेठो छोराको विवाह गर्न पाँच हजार ऋण लिएका थिए । उक्त ऋणको मुख दिनानु दिन ठूलो हुदै जादैछ । एघार विगाह जमिन तिनै साहुलाई जिम्मा लगाउँदा पनि साहुको चित्त नबुझे पश्चात उनी दुई वर्ष साहुको कमैया भएर बस्न पुगे । ऋणको मुख झन ठूलो भएपछि उनले आफ्नो साटो तीनजना छोरा र एउटी बुहारीलाई पनि तिनै साहुको कमैया बनाइदिए । र दश वर्ष भन्दा बढी भयो सारा परिवार साहुको बधुँवा बनेको छ । तर सौकी घटेको छैन, पचास हजार पुगिसक्यो ।

सौकी यस्तो हतियार हो जसको चलाखीपूर्वक संचालन गर्दै साहुहरु मानिसको मानिस भएर ज्यूने हक खोस्दछन् ।

भनिन्छ, न्यूनतम वेतन पनि नपाउने गरी खास अवधिको करारमा कुनै काम गर्नु नै बधुँवा हुनु हो । कमैया प्रथामा खेतीको काम गर्ने घरबार विहिन किसानलाई वर्ष दिनको करारमा कमैया बनाइ राखिन्छ । कमैयाको पूरा परिवार नै साहुको सेवामा जुट्दछ - साहुले दिएको सानो वुकुरामा बस्छ । कमैयाकी स्वास्नी वुकरही भएर दिनरात घरवारको काम गर्छे, कमैयाका छोराछोरी ग्वाला-ग्वाल्नी भएर असमान कामका बोझ उठाउँछन् । यस्ता कमैयाहरुलाई थाहा छैन - मजदूरहरुले ठूलो संघर्ष गरेर १८८६ को पहिलो मई देखि नै दैनिक कार्य अवधि आठ घण्टामा सीमित पारी सके । उनीहरुलाई मई दिवस भनेको पनि थाहा छैन । उनीहरु विहान तीन बजे नै उठ्छन् र मेशिन जसरी काम गर्दा गर्दै आधा रात नभई सुत्न पाउदैनन् । त्यसैले कमैयाहरु वधुँवा मजदूर नै हुन् । झन् सौकी लिने कमैयाहरु त पुस्तौनीको वधुँवा हुन पुग्छन् ।

कमैयाहरुलाई प्रत्येक वर्ष माघमा सरसुविधा आदिको आधारमा मालिक छान्ने नाम मात्रको अवसर प्रदान गरिन्छ । तर मालिक वा साहुहरुले वर्षौं देखि कमैयाहरुका लागि तय गरिएका कुनै कुराहरुमा थप गरेका छैनन् । दरिद्रतामा तड्पिरहेका सोझा भूमिहिन किसानहरु त्यस्तो अवस्थामा कुनै न कुनै मालिकको जालोमा फस्छन् नै । र कमैयालाई वधुँवा बनाउने साहुहरुसंग भएको हतियार हो - सौकी । साहुहरु कमैयालाई अत्यन्त कम खुराकी र नगन्य ज्याला दिन्छन् उनीहरुलाई सौंकी लिन वाध्य तुल्याउँछन । र निमुखा अनपढ कमैयाहरुको सौकी यति तीव्र वेगले बढ्दै जान्छ कि दैनिक अठाइ घण्टा काम गर्दा पनि उनीहरु जीवनभर सौकी फच्चे गर्न सक्दैनन् ।

सौंकी भएको कमैयाले पहिलो माघ वा माघीमा आफूले चाहेको मालिक कहाँ जान पाउदैन । किनकी कुनै मालिकले उसको सौकी पुरानो मालिकलाई तिरी सके पश्चात मात्र उसले पुरानो मालिक कहाँबाट छुटकारा पाउन सक्दछ । यसरी सौंकी लिने कमैयाले जस्तो सुकै शर्तहरु मानेर भए पनि जीवन विताउनु पर्ने हुन्छ । यस्ता कमैयाहरु पूर्णत: बधुँवा हुन पुग्दछन् । र यसरी मानिसको किनबेचलाई खुला छूट दिने तारतम्य मिलाइन्छ । कैलाली, वर्दिया र कञ्चनपुरमा रहेका करिव अठाह्र हजार कमैयाहरु मध्ये एकत्तीस प्रतिशतले सौकी लिएका छन् । र त्यसैले हाम्रो देशका पाँच हजार भन्दा बढी कमैयाहरु पूर्णत: पशुको जीवन ज्यून वाध्य तुल्याइएका छन् ।

पैंतीस वर्षसम्म कमैया जीवन विताउने र चार-चार पुस्ता सम्म वधुँवा भएर काम गर्ने लौटन थारु, भंगी राना र नेशीराम चौधरीहरु कैलाली, वर्दिया र कञ्चनपुरमा धेरै छन । वर्दिया, कैलाली र कञ्चनपुरमा पच्चीस, आठ र चौध प्रतिशत कमैयाहरु आफू कति पुस्ता देखिको कमैया हुँ भन्ने पनि बताउन नसक्ने स्थितिमा छन् ।

कमैयाहरु वनजंगलमा काठ दाउराका लागि जाँदा पक्रउ परे पनि उनीहरु आफैले फर्स्याउनु पर्दछ । तर उनीहरुले काम गर्दा गर्दै मालिकको केही नोक्सानी भयो भने सौंकी लागि हाल्छ । यतिसम्म कि मालिकको काम गर्दा चोट पटक लाग्दा समेत उनीहरुले उपचारको खर्च र अवसर पाउँदैनन् । मरेपछि मात्र कामबाट विदा पाउने कमैयाहरुले मानवअधिकारको नाममा कुनै पनि अधिकार देख्न पाएका छैनन् । कमैयाकी सुत्केरीले पनि दस-वाह्र दिन विदा पाई भने धेरै आराम गरेको ठहरिन्छ ।

स्वतन्त्रता कुन चरीको नाम हो हाम्रा शंकर कमैयाहरुलाई थाहा छैन - कमैयाले आफ्नी नव विवाहिता पत्नी पनि सर्वप्रथम मालिकलाई चढाउनु पर्ने चलन समेत यदाकदा देखिने गरेको छ ।

राजधानीका विशिष्ठ स्थलहरुमा "नेपालमा दास प्रथाको अन्त्य चन्द्रशमसेरकै समयमा भई सक्यो" भनेर दावी गर्ने वरिष्ठ नागरिकहरुको दृष्टि कैलाली, कञ्चनपुर र वर्दिया तर्फ पनि पुगेको छ कि छैन ? यदि पुगेको छ भने संविधानत: हरेक नागरिकलाई सामाजिक र आर्थिक न्याय प्रदान गरी हरप्रकारका शोषणहरुको अन्त्य गर्नु राज्यको दायित्व हो कि होइन ? के त्यस दिशामा

सरकारले सानो कदम मात्र भए पनि चालेको छ ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा कमैयाहरुका विषयमा तयार पारिएको प्रतिवेदन - " नेपालमा कमैया प्रथाभित्र बाँधा मजदूर" मा सरकारलाई कमैयाका विषयमा के कसो गर्दा उपयुक्त हुन्छ भन्ने छानविन गर्न मानवअधिकार कार्यकर्ता समेतको सहभागिता हुने गरी एउटा उच्चस्तरीय आयोग बनाउने सुझाव प्रदान गरिएको छ । तत्कालका लागि सरकारलाई त्यति मात्र गर्न पनि कसले रोकिरहेछ ? मानवअधिकारप्रति प्रतिवद्ध सरकारको प्रतिवद्धता माथि यस सवालले पनि अर्को प्रश्नवाचक चिन्ह तेर्स्याइ दिएको छ ।

(प्राची, वर्ष १ अंक २ पुस-माघ ०४९)

Resource Centre

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हालसम्म प्रकाशित पुस्तक पुस्तिकाहरु

१. मानवअधिकार सामान्य ज्ञान (ए.बी.सी. अफ ह्युमन राईट्स) - उपलब्ध
२. मई दिवस कसरी मनाईंदै छ ? - उपलब्ध
३. वातावरण संरक्षण : केही व्यावहारिक कुराहरु - उपलब्ध
४. साउथ एसिया - ह्युमनराईट्स ईन डिफीकल्ट सरकम्स्ट्यान्सेज (अंग्रेजी) - उपलब्ध
५. भिक्टीम वुमेन्स् फोरम (अंग्रेजी) - उपलब्ध
६. उत्पीडित महिला मंच - उपलब्ध

आम चुनावका क्रममा प्रकाशित पुस्तिकाहरु

७. निर्वाचन कार्यविधि ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत - उपलब्ध
८. ग्रामीण मतदाता सचेतन कार्यक्रम : एक परिचय - अनुपलब्ध
९. प्रजातन्त्र, महानिर्वाचन र धार्मिक सद्भावना (ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत) - अनुपलब्ध
१०. आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य - अनुपलब्ध
११. हर्क बहादुरले कसलाई भोट हाल्दछन् ? - अनुपलब्ध
१२. हरियाले आब निर्धक्क भके भोट देन (मैथली) - अनुपलब्ध
१३. स्वतन्त्र तथा निष्पक्ष चुनावका पूर्वाधारहरु विषयक गोष्ठीको प्रतिवेदन - अनुपलब्ध
१४. नेपाल एवेरनेस प्रोग्राम इन इलेक्सन (अंग्रेजी) - अनुपलब्ध
१५. इलेक्सन अब्जरभेसन रिपोर्ट, जनरल इलेक्सन १९९१, नेपाल (अंग्रेजी) - अनुपलब्ध

मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अन्तर्गतका प्रकाशनहरु

१६. कारागार सम्बन्धी व्यवस्थाको जानकारी - अनुपलब्ध
१७. नेपाल अधिराज्यको संविधान २०४७ र मानवअधिकारहरु - उपलब्ध
१८. मानवअधिकार घोषणा पत्र - सचित्र पुस्तक - उपलब्ध
१९. मानवअधिकार संगालो (सं.रा. संघद्वारा पारित केही दस्तावेजहरु) - उपलब्ध
२०. मानवअधिकारको सरल संस्करण - उपलब्ध
२१. मानवअधिकार प्रशिक्षक - उपलब्ध

सर्भेक्षण / अनुसन्धान

२२. भूटान (भूटानको मानवअधिकार आन्दोलन बारे) - अनुपलब्ध
२३. द भूटान ट्रेजडी : व्हेन वील ईट ईण्ड (अंग्रेजी) - उपलब्ध
२४. नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर - उपलब्ध
२५. बोण्डेड लेवर ईन नेपाल अण्डर कमैया सिष्टम (अंग्रेजी) - उपलब्ध

नियमित प्रकाशनहरु

२६. इन्सेक बुलेटिन (द्वैमासिक)
२७. प्राची, मानवअधिकार द्वैमासिक
२८. मानवअधिकार वर्ष पुस्तक-१९९२
२९. ह्युमन राइट्स एयर बुक-१९९२ (अंग्रेजी)

वर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा इन्सेकद्वारा गरिएको सर्भेक्षणबाट प्राप्त कमैया सम्वन्धी केही तथ्य

- सम्पूर्ण कमैयाहरु मध्ये ९३.२ % कमैया थारु जातिका छन ।
- ७३% कमैयाको आफ्नो घर छैन र ९८.२% कमैयाको आफ्नो जग्गा छैन ।
- ३.३% कमैयाहरु चार पुस्ता देखि, २१.६३% कमैयाहरु तीन पुस्ता देखि र २८% कमैयाहरु दुई पुस्ता देखि कमैयामा छन् ।
- लगभग १७.९% कमैया दिर्घरोगी छन् ।
- करिव ९६.३% कमैया निरक्षर छन् ।
- करिव १२.६% कमैयाहरुले २५-४५ वर्ष सम्म कमैयाका रुपमा समय व्यतित गरेका छन् ।
- मालिकको काममा एक दिन अनुपस्थित हुने कमैयालाई सरदर ५४ रुपैया सम्म जरिवाना गरिन्छ । कतिपय कमैयाले एक दिनको अनुपस्थित वापत रु ३००।- भन्दा वढी जरिवाना पनि तिर्नु परेको छ ।
- प्रत्येक कमैयाको सरदर ६.३४ सदश्य रहेको परिवार छ ।
- कमैयावाट मुक्त हुन चाहने कमैयाको संख्या ५५.५४% रहेको छ ।
- सरदर १५.५% कमैयाको उमेर वीस वर्ष भन्दा मुनि र ७५.८७% कमैयाको उमेर ४० वर्ष भन्दा मुनि रहेको छ ।